# परमेश्वरको निम्ति चुनिएको आराधना स्थान

# GOD'S CHOSEN PLACE OF WORSHIP

२० फरवरी सन् १९६५
जैफरसनविले इन्डियाना यू.एस.ए.

आउनुस् हामी एकछिनको लागि यसरी नै उभिइरहुँ, जब कि हामी आफ्नो शिरलाई प्रार्थनाको लागि निहुऱ्याउँछौं। हाम्रा निहुरिएका शिरहरूसँग (म एकिन गर्दछु कि झुकिरहेका हृदयका साथ पनि) म यो देख्न चाहन्छु कि आज राती यहाँ यस्ता कयौं मानिस छन्, जो चाहन्छन् कि प्रार्थनामा उनीहरूलाई याद गरियोस् या उनीहरूको कुनै विशेष निवेदन या विनति छ कि, तपाई केवल आफ्नो हातलाइ माथि उठाउनु हुनेछ र भन्नुहुनेछ, "प्रभु, आज राती तपाई मलाई यो प्रदान गर्नुस्, जसको म अभिलाषा गरिरहेको छु। परमेश्वर तपाईंलाई आशिषित गरुन्।

२. हाम्रा स्वर्गीय पिता, अव हामी दीनतापूर्वक अनुग्रहको यस महान सिंहासनको नजिक आउँदछौं। हामी विश्वासद्वारा तवि अग्ला ठाउँहरूमा, जहाँ परमेश्वर र स्वर्गदूत र सेराफिन्स र सबै स्वर्गीय जन एकैसाथ एकत्र हुन्छन् र

पुज्दछन् किनकि उसले भनेको थियो कि परमेश्वरले थाहा नपाइकन एउटा चरोसम्म भुइँमा खस्न सक्दैन, भने ऊ कति यसलाई थाहा पाउँछ होला, कि यहाँनिर सयकडौं मानिस आफ्ना शिरहरूलाई निहुऱ्याएका छन् र आफ्ना-आफ्ना विशेष निवेदनहरूको लागि उनलाई पुकारिरहेका छन् । पिता, आज राती यस जरुरत मन्द संसारतिर दृष्टि लगाउनुहोस्, किन कि हामी जरुरत मन्द मानिस हौं ।

प्रभु, म यो प्रार्थना यसकारण गरिरहेको छु किनकि हामी यहाँ एकत्रित भएका छौं र आफ्नो विश्वासको स्थिरता ती जीवितै परमेश्वरसँग गरिरहेका छौं, जसले हाम्रो प्रार्थनाको जवाफ दिन्छ.... हामी यस अपवित्र संसारबाट निस्किएर आएका छौं, आफ्ना हृदय र कानहरूसहित हामी एउटा अलग जीवन व्यतित गर्नको निम्ति बाहिर निस्किएर आएका छौं.... र आफ्नो विश्वासलाई झकरार तपाईमा गरिरहेका छौं । र आज राती हामीले हातहरूलाई यो भन्नमा, कि हामी जरुरत मन्द छौं भनेर माथि उठाएका छौं । प्यारा प्रभु, प्रत्येकको प्रार्थनाको उत्तर दिनुहोस् ।

४. पिता, हामी प्रार्थना गर्दछौं, कि आज राती तपाई बचनभित्रबाट (वचनभित्र हुँदै) हामीसँग भेट गर्नुस् । हामी यहाँ सुधार समझको लागि आएका हौं, ताकि हामी यो थाहा पाउन सकौं कि यी वर्तमान दिनमा हामीले कस्तो प्रकारको जीवन व्यतित गर्नुछ, अगाडि आउनेवाला दिनहरूमा हामीले कसको प्रतिक्षा गर्नुछ, र हामीले के गर्नु छ । किन कि हामीलाई थाहा छ, भविष्यदुतहरूद्वारा बताएका सवै चिन्हहरूको अनुसार परमेश्वरको आगमन

अत्यन्त निकट छ- जब तपाईका केटाकेटीहरूलाई पूर्ण छुटकरा प्रदान गरिनेछ। प्रभु, हुन पावस कि हामीहरूमध्ये प्रत्येक त्यहाँ हौं। हामीहरूमध्ये कोही पनि छुट्नु नपरोस्। प्रभु, हामी यहाँ उपस्थित हुनुको यही उद्देश्य हो। हामी तपाइसँग प्रेम गर्दछौं र हामी त्यस घडीको लागि तयार हुने यत्न गरिरहेका छौं।

५. प्रभु, यस राती पुनः हामीहरूसँग कुराकानी गर्नुस् र विरामीहरूलाई चंगा गर्नुस्। प्रभु, हामी प्रार्थना गर्दछौं कि जति पनि विरामी र दुःखी यस भवनमा छन्, तपाई उनीहरूलाई चंगाई गर्नुहोला र विशेष गरेर तपाई उनीहरूको आत्मीक आवश्यकताहरूलाई पूरा गर्नु हुने छ (होला)। हामी प्रार्थना गर्दछौं कि तपाई प्रत्येक हराएका आत्माहरूलाई बचाउनु हुनेछ। प्रत्येक विश्वासीलाई पवित्र आत्माबाट भरिदिनुस्। पिता, यी सबै वस्तुहरूलाई प्रदान गर्नुस्। हामी तपाईसँग ............ माग्दछौं, किन कि तपाईले हामीलाई माग्न सिकाउनुभएको छ। यी महान वस्तुहरूलाई माग्न सिकाउनु भएको छ। तीमध्ये धेरै हुन् पाउन (सकुन), कि हाम्रा खुसीहरूलाई पूरा गरुन्। हामी यिनीहरूलाई येशू मसिहको नाममा माग्दछौं। आमीन !

६. म विशेष रुपले यसलाई विशेष गौरवको कुरो सम्झन छु, कि आज राती म यहाँ यस हाइस्कुलको मञ्चमा, तपाईहरू जस्तो भलो (असल) मानिसहरूको अगाडि, जो सुसमाचार सुन्न हेतु एकत्र भएका छन्, पुनः उपस्थित भएको छु। म परमेश्वरसँग अनुग्रह माग्दछु, कि उसले हाम्रो सहयता गरोस्, कि म जहाँसम्म सत्यलाई चिन्दछु (थाहा पाउँछु),

तपाईहरूलाई सत्य बताउन सकुँ। उनी इन्सानको मुख अहिले पनि ठीक त्यसरी नै बन्द गर्न सक्दछन्। जसरी ऊ त्यसबेला शेरको मुख बन्द गर्न सक्दथ्यो। मेरो हृदयको सच्चाईबाट यही प्रार्थना छ। म कुनै पनि बेला केही गलत बोल्न वा उनको इच्छाको विरुद्ध केही गर्ने प्रयत्न गर्दछु भने उनले मेरो मुखलाई बन्द गरिदिनु ताकि म त्यसलाई बोल्न नपाउँ। किनकि वास्तवमा म पनि स्वयंलाई स्वर्गमा चाहन्छु र म त्यहाँबाट कहिले पनि टाढा न होऊँ.... र यी सबैको अतिरिक्त, म एउटा झुठो अगुवा हुने छु, जसले केही झुठा तरीकाले काम गरें। यदि मैले यसो गरें, भने यो यसैले कि म कुनै अन्तर थाहा पाउँदिन। परमेश्वर तपाईलाई अशिषित गरुन्।

७. अब, भोलि बिहान, यदि यो परमेश्वरको इच्छा भयो भने म यस विषय विवाह र तलाक (पारपाचुके) को विषयमा बोल्नलाई संकल्प गरिरहेको छु र म एकिन गर्दछु कि तपाईहरू आउनु हुनेछ र आफ्नो-आफ्नो पेन्सिल र पेपर (कागज) लिएर आउनु हुनेछ। म यसलाई ज्यादा लामो वोलने छुइन, परन्तु म केवल चाहने छु..... सवैभन्दा पहिले मेरो यहाँ (इन्डियानामा) फर्किएर आउनको यही उद्देश्य हो। यसको मैले तपाईसँग वादा (बाचा) गरेको थिएँ। भोलि बिहान म यस सन्देशलाई प्रचारने प्रयत्न गर्ने छु। यदि भोलि विहान म यसलाई प्रचारदिन, भने म यसलाई भोलि राती प्रचार गर्नेछु। परन्तु म यस सन्देशमाथि भोलि विहान नै बोल्ने प्रयत्न गरिरहेको छु। यदि परमेश्वरको इच्छा भयो, भने म यस विषयमाथि यी दुईवटा शिक्षा लेखहरूमाथि बोलुला (बोल्ने) छु। र हुन

पाओस् कि परमेश्वर हाम्रो यो थाहा पाउनको लागि सहायता गरुन् कि साँचो के हो ताकि हामी सच्चाई व ज्योतिमा हिंडन सकौं ।

८. हामी.... तपाई मेरा एकजना खुस मिजास (हँसिला) मित्रलाई चिन्नुहुन्छ होला। उसले मसँग भनेको थियो, "भाई बिली, म नदीमा कुनै पनि प्रकारको कुनै दिक्त या परेशानी चाहन्न। म आफ्नो टिकट आफ्नो हातमा चाहन्छु र जब सिठी बजोस् तब म त्यहाँ कुनै परेसानी चाहन्न। मैले धेरै समय पहिले नै परमेश्वरसँग सोधिसकेको छु, यदि कुनै गडबडी छ भने त्यो अहिले यही ठीक गरियोस् किन कि त्यो बिहान नाव (डुँगा) जब अर्को छेउको लागि निस्कने छ, तब अन्धकार व प्रचण्ड तुफान ( आँधी) हुनेछ। म कुनै पनि प्रकारको कुनै बाधा चाहन्न। म यही यी सबै कुराहरूको चिन्ता गर्न चाहन्छु।" यही हो त्यो जसको लागि हामी यहाँ उपस्थित भएका छौं, ताकि हामी ती सबै बाधाहरूलाई हटाउन सकौं, जसबाट हामी त्यस घडीमा पारी जान सकौं ।

९. अब, आज रात म तपाईहरूसँग धेरै वेर बोलने छुइन, किन कि भोलि हाम्रा दुईवटा सभा हुनुपर्दछ (हुनेवाला) छ। तब यसको ठीक पछि म कहीं अन्यत्र, केही अरु सभाहरू लिन जाने छु ।

१०. परन्तु अब म व्यवस्था विवरणको पुस्तकको १६ वाँ अध्यायभित्रबाट एउटादेखि लिएर तीन पदसम्म पढ्न चाहने छु ।

व्यवस्था विवरण, १६:१-३
आविवलाई स्मरण गरेर आफ्ना परमेश्वर यहोवाको लागि निस्तार पर्व मान्नु, किनकि आबीवमा तिम्रो परमेश्वर यहोवाले राती तँलाई मिश्रबाट निकालेर ल्याउनुभयो ।
यसैले जुन ठाउँ यहोवा आफ्नो नामको निवास ठहऱ्याउनलाई चुननेछन्, त्यही आफ्ना परमेश्वर यहोवाको लागि भेडाबाखाहरू र गाईगोरुको वली गर्नु ।

११. अव, आज राती मेरो विषय छ, परमेश्वरद्वारा चुनिएको आराधनाको स्थान । यदि तपाईले ध्यान दिनु भएको हो, भने आ.वि.व. महिनाको अर्थ हो अफ्रैल (अप्रिल) । अप्रेल महिना त्यो हो (त्यो महिना) हो, जब उनलाई ( उनीहरूलाई) बाहिर निकालिएको थियो । र, अब एउटा विचित्र कुरो यो छ, कि आज राती हामी परमेश्वरको उपासक भएको नाताले, यस दिनमा जसमा हामी रहिरहेका छौं..... मानिसहरूको विचारमा अनेकौं भिन्नताहरू पाउँदछौं र जबसम्म यी कुराहरूको विषयमा भिन्नभिन्न विचार छन् भने यिनका सवाल पनि भिन्नभिन्न होलान् । परन्तु सोधिएका सबै सवालहरूको एउटै नै सही जवाफ हुनुपर्छ । यदि म एउटा सवाल सोधु, "यो क्या हो ? ठीक छ, उनीहरू भन्ने छन्, "यो एउटा मेच हो ।" "यो के कामको लागि आउँछ ?" बुझ्यौ ?

१२. अव, यहाँ हुन सक्दछ, कसैले भनुन, "यो एउटा मेच होइन, यो एउटा बोर्ड हो । ठीक छ, यो एउटा वोर्ड नै हो भने पनि यो एउटा मेच हो । तपाई देख्नुहुन्छ कि यसको एउटा

सही जवाफ हुनुपर्ने ! यदि म कसैको बारेमा कुनै सवाल सोध्दछु भने त्यसको एउटा सही जवाफ पनि हुनुपर्छ। प्रत्येक सवालको एउटा स्पष्ट जवाफ हुनुपर्छ। अतः जे पनि (जुनसुकै) सवाल हाम्रो जीवनमा उठ्दछ, त्यसको एउटै सही व साँचो जवाफ हुनुपर्छ।

१३. आज हामी संसारमा धेरै आफ्ना मानिसहरूलाई यो भन्दै गरेको सुन्दछौं.... एउटा प्रचारक भएको नाताले मैले समुद्रपारि कैयौं यात्राहरू गरिसकेको छु र संसारभरि घुमिसकेको छु। म कति भिन्नभिन्न धर्म जस्तै बौद्ध, मुस्लिम, रिया, जैन र संसारभरिका जति पनि धर्म छन्, तिनको सम्पर्कमा रहिसकेको छु। म यहाँ हाम्रो आफ्नो संयुक्त राज्यहरूमा र अरु विदेशी मुलुकहरूका सवै विभिन्न चर्चहरूमा नामधारी चर्चहरूमा गइसकेको छु। म आरम्भिक रोमन कैथोलिक चर्चदेखि लिएर ग्रिक रोमन कैथोलिक चर्चसम्म र यस्तै यस्तै कैयौं चर्चहरूमा गइसकेको छु- र विभिन्न धार्मिक कार्यकलापहरूमा गइसकेको छु। म नौ सयभन्दा पनि धेरै नामधारी चर्चहरू र विभिन्न प्रोटिस्टेन्ट चर्चहरूमा गएर देखाइसकेको छु.... अब तीमध्ये प्रत्येक- र तपाई पनि उनीहरूको विचारधारालाई हेर्न सक्नुहुन्छ। म उनीहरूमाथि कुनै दोषारोपण गर्न सक्दिन- तीमध्ये प्रत्येक दावा गर्दछन् कि त्यो साँचो हो- उनीहरूसँग सचाई छ र.... जो मानिस ती चर्चहरूका सदस्य हुन्छन्, उनीहरूले त्यसलाई विश्वास गर्नुपर्ने, किनकि उनीहरूले आफ्नो ठेगाना आफ्नो अनन्त जीवनको ठेगानाको खुट्टा (किलो) त्यस चर्चको शिक्षामा गाडिसकेका छन्। र यिनीहरू एक अर्कासँग यति फरक

छन्, कि नौ सय र केही यति नै भिन्न-भिन्न चर्च बनेका छन्। अतः नौ सय र केही यति नै भिन्दा-भिन्दै सवाल भएको कारण, एउटा सही जवाफ पनि हुनुपर्ने। जब कि हामी स्वर्ग जान र ऊ नै प्रभु येशूसँग, जससँग हामी सबै प्रेम गर्दछौं, भेटनलाई प्रयत्न गरिरहेका छौं, भने यस राती म यसलाई सबैको लागि हेर्न चाहुँला- म यसलाई वचनभित्रलाई खोज्न चाहुँला।

१४. अब, हेर्नुहोस् यदि यो पवित्र शास्त्रको सवाल हो भने यसको जवाफ पनि पवित्र शास्त्रमा नै हुनुपर्छ। यस सवालको जवाफ मानिसहरूको कुनै समूहबाट, या कुनै निश्चित संगतिभित्रबाट या कोही शिक्षक या कुनै नामधारी चर्चभित्रवाट भेट्टाइनु हुँदैन। यसको जवाफ सिधा वचनभित्रवाटै पाउनुपर्छ, कि परमेश्वरको आराधना गर्ने भेट स्थल कहाँ छ ? र परमेश्वर भएकोले उससँग भेट गर्नका लागि कहीं न कहीं कुनै ठाउँ अवस्य हुनुपर्छ, जहाँ उनी मानिससँग भेट गर्दछन्।

१५. अव, हामी यहाँ व्यवस्था विवरणमा देख्दछौं, कि शुरुमा नै मोसा ती सबै कुराहरूलाई जुन उसले उनीहरूलाई वताएको थियो। अलापी रहेको थियो, कि उसले कसरी उनीहरूलाई एउटा महान व शक्तिशाली सेनाभित्रवाट वाहिर निकालेर ल्याएको थियो र कस्तो प्रचारले तिनको निव राखेको थियो। जवसम्म उनीहरू मिश्रवाट वाहिर निस्किएका थिएनन्, उनीहरू 'परमेश्वरका' भनिन्थे। र अव उनीहरूलाई मिश्रभित्रवाट वाहिर निकालिए, तव उनीहरू मण्डली हो या... वास्तवमा चर्चको अर्थ हुन्छ,

बाहिर बोलाइएका मानिस- मानिस जसलाई बाहिर निकालिएको होस्। र उनीहरू एउटा चर्च बनाउनका लागि मित्रबाट बाहिर निस्किएर आएका थिए।

१६. अब, हेर्नुस्, परमेश्वरले उनीहरूलाई भनेका थिए- उनीहरूले मन्दिरको स्थापना गर्नु या उनीहरू जेसुकै पनि गर्दछन् त्यो भन्दा पहिले नै परमेश्वरले उनीहरूलाई भने (वताए), "म आफ्नो आराधनाको स्थान चुनुला र त्यसमा आफ्नो नाम राखुँला (राख्नेछु) र केवल यही त्यो स्थान हो- केवल त्यही नै परमेश्वरले चुनिएको ठाउँ हो, जहाँ उनी सधैँ जोसुकैसँग पनि भेट गर्ने छन्। उनीले आफ्नो लागि एउटा ठाउँ चुनिसकेका (छानिसकेका) छन् र जहाँ उनले आफ्नो स्थान चुनेका छन्। त्यही उनले आफ्नो नाम राखेका छन्। त्यहाँ अर्को पद हामीलाई यही नै बताउँदछ। ऊ आफ्नो नाम त्यस ठाउँमा राख्नेछ, जसलाई उनले चुनिसकेका छन् कि मानिसहरूद्वारा उनको त्यहाँ आराधना हओस्। अब आवश्यकता यस कुराको छ कि हामी खोज्न चाहन्छौं कि यो ठाउँ कहाँनिर छ ?

१७. सबै मूर्ति पूजकहरूको धर्महरूलाई छाड्दै- नौ सय र अरु झण्डै यति नै विभिन्न विचारधाराहरूलाई लिँदै, म केवल मसिहियत धर्मको विषयमा नै वोल्ने छु... मूर्ति पूजकहरूको विषयमा म केही भन्ने (वोल्ने) छुइन। म उनीहरूको विषयमा यो अनुभव गर्दछु कि उनीहरू निश्चित रुपवाट गलत छन्। मसिहियत नै केवल यस्तो धर्म हो, जुन साँचो हो। म यसलाई यसैले भनिरहेको छुइन

किन कि म एउटा मसिह हुँ। परन्तु म विश्वास गर्दछु कि यो साँचो हो। यही केवल यस्तो धर्म हो, जो साँचो हो।

१८. म त्यस कव्र (चिहान)मा पनि गएको छु, जहाँ मोहम्मद गाडीयको छ। त्यहाँ प्रत्येक चार घण्टा पछि सेतो घोडालाई बदलिइन्छ। मोहम्मद एउटा पुरोहित थियो-र-मसीहको ठीक पछाडि एउटा मन गढन्त अगुवा व नवि भएको छ - म यसलाई सन्देह गर्दिन कि उ के थियो। मिव्काबी बन्धुहरूको ठीक पछाडि -परन्तु जब उ थियो, तब उसले दावा (ठोकुवा) गरेको थियो कि उ फेरी पनि जीवित हुनेछ र सारा दुनियालाई जिति लिनेछ। अब, उनीहरू लगभग हरेक चार घण्टा पछाडि सुरक्षाकर्मीहरूलाई फेरि रहन्छन्। र उनीहरू उसको कब्र (चिहान)मा एउटा सेटो घोडा उभियायर (उभियायी) राख्दछन्। उनीहरू दुईहजार वर्ष देखि उ फेरि बाँच्ने र सारा दुनियालाई जित्दै जाने आश लगायी रहेका छन्। परन्तु तपाईं देख्नु हुन्छ ........।

१९. तपाईं बुद्धलाई हेर्नुस्। बुद्ध - जापानका ईश्वर, कैयौं सयकडौं वर्ष पहिले, लगभग २३०० वर्ष पहिले हुने गर्द थिए ..... र उ (त्यो) कन्फूशियस जस्तै एउटा दार्शनिक या केही यस्तै नै थिए। परन्तु यी सबै स्थापक, र यि जे पनि थिए, ति मध्ये सबै आफ्ना आफ्ना तत्व ज्ञानको साथ मरे र अहिले पनि आफ्नो आफ्नो कव्रहरू (चिहानहरूमा) गाडिएका छन्। परन्तु येशू मसीह, जसको द्वारा मसीहियत स्थापित भएको छ, उनको कव्र (चिहान) अहिले पनि खाली नै रहीरहेको छ। उनी नै केवल एउटा

यस्ता व्यक्ति हुन् जो सर्वदा पृथ्वीमा खडा (उभिइ) रहे र जीवित रहे। उनले भनेका थिए, "मलाई आफ्नो प्राण दिने र त्यसलाई फिर्ता लिने अधिकार छ।" र उनले यसो गरेका पनि थिए। र उनी आज पनि जीवित छन्। हामीलाई थाहा छ, उनी आज पनि जीवित छन्, किन कि उनी हामीसँग छन् र उनी ति भौतिक चिन्हहरू र आश्चर्य कर्महरूद्वारा, जसलाई उनले देखाउने वाचा (कवल) गरेका थिए, देखाएर स्वयंलाई जीवित प्रमाणित गरिरहेका छन्। उनी आज पनि हामीसँग ठीक त्यस्तै छन्, जसरी उनले इस्रायलका बच्चाहरू (केटाकेटीहरू) लाई आगाको रुपमा जंगलमा मार्ग दर्शन गरेका थिए। उनी यति धेरै हाम्रो साथमा छन्, कि उनको तस्वीर लिई सकिएको छ। उनी ती चिन्हहरू व आश्चर्य कर्महरूलाई देखाइरहेका छन्, जसलाई यी दिनहरूमा गर्ने भनेर उनले प्रतिज्ञा गरेका थिए। यसै दिनमा हामी उनका ती सबै बचनहरूलाई, जसलाई उनले प्रतिज्ञा गरेका थिए, प्रकट हुँदै गरेको देखिरहेका छौं। यही कारण हो, शेष मूर्तिपूजक संसार वर्वाद छ, केवल मसीहियत सधैँ रहेको छ।

२०. अब यती सबै भै सकेपछि पनि यहाँ नौ सय र केही यति नै सवाल यस विषयमा छ कि परमेश्वर कहाँ भेट गर्दछन् - "के, उनी मैथोडिस्टहरूसँग भेट गर्दछन् या वैपटिस्टहरूसँग भेट गर्दछन्। र के उनी यहाँ भेट गर्दछन् कि उहाँ भेट गर्दछन् या अन्त कहीं भेट गर्दछन्।" अब यहाँ एउटा सवाल छ। अतः प्रत्येकले डराउँदै र काम्दै आफ्नो आफ्नो उद्धारको अभिलाषा गर्नु पर्दछ। आज राती म यसलाई वचन भित्रबाटै खोज्ने व सिद्ध गरेर

देखाउने चेष्टा गर्नेछु, कि त्यही सही स्थान हो, जहाँ परमेश्वर आफ्नो आराधना गर्ने मानिसहरूसँग भेट गर्दछन् । र यदि कुनै यस्तो स्थान (ठाउँ) छ, भने यही त्यो ठाउँ हुनेछ, जहाँ उनी सर्वदा भेट्टाइने छन् ।

२१. यस वृतान्तलाई हामीले व्यवस्था विवरण भित्रबाट लिएका हौं । यो एउटा ग्रिक श:ब्द हो, जसको एउटा जटिल अर्थ छ या यसको अर्थ "दुईटा नियम" हुन्छ। ग्रीक शब्द (deutetmomy) यर्थात् व्यवस्था विवरणको अर्थ हो "दुईटा भिन्न नियम" । र ठीक यस्तै नै परमेश्वरसँग दुईटा नियम हुन्छन्। त्यसमा एउटा नियम मृत्युको र अर्को नियम जीवनको हो। परमेश्वरका दुईटा नियम हुन्छन् । उनको अनुकरण गर्नु, उनको सेवकाई गर्नु र उनको आराधना गर्नु नै जीवन हो र त्यसलाई (उसलाई) अस्विकार गर्नु नै मृत्यु हो। परमेश्वरमा दुईटा नियम छन् ।

२२. ती नियमहरू एउटा सियोन पर्वतमाथि दिइएको थियो- ताकि संसारले परमेश्वरलाई चिनोस् । परमेश्वरले मोसा र इस्रायललाई व्यवस्था दिएको थियो। व्यवस्था उनीहरूको सहायता गर्न सक्दैन थियो, परन्तु व्यवस्था त यो सिकाउँद थियो, कि उनीहरू पापी हुन्छन्। जबसम्म उनीहरूसँग व्यवस्था थिएन, उनीहरू पाप चिन्दैन् (जान्दैनन्) थिए। विना दण्डको कुनै पनि व्यवस्था या कानून हुँदैन। कुनै पनि कानून विना दण्डको हुनै सक्दैन- जबसम्म कुनै कानूनमा दण्ड हुँदैन, त्यो कानून हुन सक्दै सक्दैन। व्यवस्थाको उल्लघंन गर्नु नै पाप हो र पापको मजदूरी (

ज्याला) नै मृत्य हो। अतः यही कारण हो, कि जबसम्म परमेश्वरले उनीहरूलाई व्यवस्था दिएका थिएनन्, तब सम्म उनीहरू माथि पापको कुनै लेखाजोखा नै थिएन। यदी यहाँ कानून न हुँदो हो त, तपाईं प्रति घण्टा बिस मिलको रफ्तारमा (अर्थात् बीस मील प्रति घण्टा) को रफ्तार भन्दा पनि बढी गाडी चलाउन सक्नु हुन्छ। परन्तु जब कानून यो भन्छ कि तपाईं यसो गर्न सक्नु हुन्न, भने तब यो एउटा कानून बन्दछ र त्यसको पछाडि दण्ड पनि हुन्छ।

२३. अब मृत्यु थियो - मृत्यु त्यो व्यवस्था या आ ज्ञा थियो, जुन सियोन पर्वत माथि दिइएको थियो, जसले इन्सानलाई बताउँद थियो कि उ पापी हो। र जसले परमेश्वरको आज्ञालाई उल्लघंन गर्दथियो, उ मारिन्थ्यो। परन्तु व्यवस्थामा उद्धार थिएन ......... उ त केवल एउटा पुलिस मैन थियो जसले तपाईंलाई जेल (झ्यालखाना) मा हाल्न सक्द थियो। यसबाट तपाईंलाई केही भलो हुने वाला थिएन। परन्तु यसपछि उसले एउटा अर्को नियम दियो। यो कलवरी पर्वत माथि दिइएको थियो, जहाँ पापहरूलाई येशू मसीह माथि थोपरी दिएको थियो। र त्यहाँ पापको मजदूरी (ज्याला) चुक्ता गरी दिईएको थियो, र तपाईं बिना व्यवस्थाको नै व्यवस्थाबाट होइन, तर अनुग्रहबाट बाँच्नु भएको छ। तपाईं परमेश्वरको अनुग्रहबाट, पहिले देखि नै चुनिनु भएको कारण, परमेश्वरको पूर्व ज्ञानमा पहिले देखि नै बचिरहनु भएको कारण, बच्नु भएको हो।

२४. अब, हामी यी दुईटा नियमलाई हेर्दछौं। व्यवस्था विवरण दुईटा नियमको बारेमा बताउँदछ : एउटा नियम मृत्युको थियो र अर्को नियम जीवनको।

२५. त्यहाँ दुईटा वाचाहरू पनि मानिसलाई दिइएको थियो। भोली बिहान हामी यसको विषयमा बोल्ने छौं। त्यस मध्य एउटा अदनलाई यस शर्तमा दिइएको थियो, "यदि तिमी यो गर्दछौं र तिमी त्यो गर्दैनौ ......" परन्तु यो नियम तोडी दिइएको थियो। अदन र हब्बाले त्यसलाई अदनको वाटीका (फूलबारी)मा तोडेका थिए। तब त्यसपछि परमेश्वरको दोश्रो (अर्को) वाचा बाँधेर यसलाई परमेश्वरले अब्राहीमसँग बाँधेका थिए, यिनीहरू, यो होइन, कि तिमीले के गरेका छौं या तिमी के गर्ने छौ, मैले यसलाई पहिले देखि नै गरिसकेको छु।" यही अनुग्रह हो। यही जीवनको नियम हो। परमेश्वरले यसलाई अब्राहीमको लागि गरेका थिए र त्यस पछि उसको सन्तानको लागि गरिरहेका छन्। अब्राहीमका सबै सन्तानहरूलाई बचाइने छ, जस्तो पवित्रशास्त्र पनि भन्दछ, "सारा इस्रायल बचाइने छ।" परन्तु यसको अर्थ यो होइन कि यहुदि बाँच्ने छन्। जस्तो पौवलले भनेको थियो, "तर यहूदी तिनै हुन् जो मनमा छन् न कि बाहिर (रुप रँगबाट देखिने वाला) यहूदी, जस्तो कि मैले कुनै अर्के राती बताएको थिएँ, यो इसाहकको सन्तान थियो, जो लैंगिक रुपबाट जन्मिएकी थिई। परन्तु परमेश्वरको नियम मसीहमा छ, जुन अब्राहीमको शाही बीज थियो, जसको अनुग्रहबाट सारा इस्रायल बाँची राखेको छ। मसीहमा सारा सुरक्षित छन्। मसीहमा सबै

बाँचेका छन् - यो परमेश्वरको दोश्रो वाचा थियो। परन्तु यी सबै वस्तुहरू मसीहका प्रति छाया थियो।

२६. अब, अर्को पद माथि ध्यान दिउँ। यहाँ व्यवस्था विवरणको १६ वाँ अध्यायको दोश्रो पदमा लेखेको छ, "त्यस ठाउँमा आराधना गर्नु, जसलाई मैले चुनिसकेको छु। उनले भनेका थिए, "जुन ठाउँलाई मैले चुनेको छु, त्यसैमा तिमीले मेरो आराधना गर्नु पर्ने न कि मेरो आराधना मैले चुनेको स्थानमा गर्नु पर्ने।" अब, यदि परमेश्वरले कुनै स्थान चुनेका छन् भने हाम्रो लागि यही उचित हुने छ कि हामी हेरौं कि यसको विषयमा उनले के भनेका छन्, र यो कहाँ छ। म यसलाई खोज्न चाहन्छु कि म इमान्दारीपूर्वक उसको आराधना गर्न चाहन्छु। आज राती हामी सबै उसको आराधना गर्न उपस्थित भएका छौं। आज राती हामी यंहाँ मैथोडिस्ट, बैपटिष्टं, कैथोलिक, यहोवा विटनस, खिष्टियन साइन्सको रुपमा अरु अरु अन्य सबै यहाँ वसी राखेका छन्। परन्तु हामी सबै कुनै चिजको खोजी गरिरहेका छौं। हामी सच्चाई जान्न चाहन्छौं। वाइबल भन्दछ, "तिमी सत्यलाई थाहा पाउने छौ र सत्यले तिमीलाई स्वतन्त्र गर्नेछ।" कोही पनि ........ जबसम्म तपाईंलाई थाहा हुँदैन, कि यसलाई कसरी गर्नुछ, तपाईं थाहा पाउन सक्नु हुन्न कि तपाईं के गरिरहनु भएको छ - तपाईंलाई थाहा छैन कि यसलाई कसरी गर्नु पर्छ। तपाईंले थाहा पाउनु पर्ने हो कि तपाईं के गरिरहनु भएको छ र यसलाई कसरी गर्नु पर्ने हो।

२७. यसले हामीलाई यो दर्शाउँछ कि परमेश्वरसँग आफ्नो उपासकहरूसँग भेट गर्नको लागि एउटा निश्चित ठाउँ छ र केवल यही एउटा यस्तो स्थान छ, जहाँ परमेश्वर आफ्ना उपासकहरूसँग भेट गर्दछन् ।

२८. अब हेर्नुस्, यस्तो छ कि यसले दृढतापूर्वक यो भनेको थियो, कि जुन ठाउँलाई उ आफ्ना उपासकहरूको लागि चुन्ने छ, यसैमा उ आफ्नो नाम राख्ने छ, या त्यसैलाई उ आफ्नो नाम दिनेछ । आउनुस् अब हामी यसलाई वचन भित्रबाट खोजौं कि यो ठाउँ कहाँ छ ? परमेश्वरले भनेका थिए कि उनले त्यस ठाउँमा आफ्नो नाम राखेका छन्, जसलाई उसले आफ्ना मानिसहरूसँग भेट गर्न तथा आफ्ना उपासकहरूद्वारा आफ्नो उपासना गर्नको लागि चुनेको छ । यो पवित्रशास्त्रमा कहीं न कहीं अवश्य हुनु पर्ने, किन कि यो सबै कालको लागि हो ।

२९. कहिल्यै न बदलिने वाला महान परमेश्वर कहिल्यै बदलिन सक्दैनन् मानिस बदलिन सक्दछन् तर परमेश्वर कहिलै बदलिन सक्दैनन्, किन कि यो सत्य हो । यो सत्य हो । किन कि पवित्रशास्त्र नै केवल एउटा यस्तो वस्तु हो, जसमा मेरो दृढ विश्वास हुन सक्दछ किन कि मानिसको वचन असफल हुने परन्तु परमेश्वर सर्वोच्च छन् । यस वर्ष मलाई पछिल्लो वर्षको अपेक्षा अरु धेरै ज्ञान हुनु पर्ने । तपाईंसँग पनि ठीक यस्तै कुरो हुनु पर्ने । प्रत्येक दिन ..... हामी सीमित छौं, यसैले हामी प्रत्येक दिन ज्ञान आर्जित गर्दछौं । परन्तु परमेश्वर अनन्त छन् । उनीहरू अनन्त छन्, र अनन्त भएको कारण उनी ज्ञान आर्जित गर्न

सक्दैनन् । त्यो त प्रारम्भ देखि नै सिद्ध छ। उनको प्रत्येक फैसला एकदमै सही हुन्छ।

३०. र जुन तरिकाबाट परमेश्वरले पहिलो पटक कार्य गरेका थिए, ठीक त्यस्तै तरिकाबाट परमेश्वरले सँधै नै कार्य गर्नु पर्ने या जब उसले पहिलो पटक कार्य गऱ्यो, तब उसले गल्ती गरेको थियो। यदि कुनै बेला कोही मानिस परमेश्वरसँग उद्धार पाउन हेतु आउँदछ र परमेश्वर उसलाई कुनै आधारमा ग्रहण गर्दछ, भने परमेश्वरले उसलाई प्रत्येक पटक त्यसै आधारमा ग्रहण गरुन्। यदि कुनै व्यक्ति परमेश्वरसँग दिव्य चंगाई पाउन आउँछ र परमेश्वर उसलाई कुनै निश्चित आधारमा ग्रहण गर्दछन, भने त्यसपछि अर्को मानिस उनी भएको ठाउँमा चंगाई पाउनको लागि आउँछ, भने परमेश्वरले उसलाई पनि त्यसै आधारमा ग्रहण गर्नु पर्ने या जब उसले पहिलो व्यक्तिलाई ग्रहण गरेको थियो, भने उसले गल्ती गरेको थियो। परमेश्वरले एक आधार (मूल सिद्धान्त) वनाएका छन् र उनले त्यसै मूल सिद्धान्त बनाएको छ, कि उ के गर्नेछ, उ यसलाई कसरी गर्नेछ, र यो अदनको वाटीकामा बलीदानी मेम्नाको रगतद्वारा मिसिएको थियो। परमेश्वरले यसमा कहिले पनि, कुनै पनि बेला कुनै परिवर्तन गरेको छैन।

३१. उसले तय गरिदिएको थियो कि, उसले कस्तो प्रकारले मानिसलाई बचाउने छ। यसको लागि हामीले मानिसलाई शिक्षित गर्ने प्रयत्न गरेका छौं, उनीहरूलाई पढाउने यत्न गरेका छौं, उनीहरूलाई संस्थागत गर्ने चेष्टा गरेका छौं, यस प्रकारका अन्य सबै कुराहरू गर्ने चेष्टा गरेका छौं, कि

उनीहरूलाई भित्र ल्याउन सकियोस्, उनीहरूलाई सकियोस्, उनीहरूलाई भित्र ल्याउन सकियोस्, उनीहरूलाई वपस्तिमा दिइयोस्, जति पनि तरीका छन्, त्यसलाई अपनाएर उनीहरूलाई बचाउन सकियोस्, परन्तु परमेश्वरको तरीका अहिले पनि एकै खालको छ । परमेश्वर मानिससँग मेमनेको बगाईएको रगतको मुनि नै भेट गर्दछन् । प्रारम्भमा पनि रगत नै परमेश्वरको तरीका या पद्धति थियो र आज राती पनि परमेश्वरले मानिससँग भेट्ने यही तरिका हो । तपस्या गर्नु या सवै कामहरूलाई गर्नु राम्रो हो, परन्तु उद्धार लहू (रगत) बाटै पाइन्छ । रगत नै एक मात्र यस्तो तरिका छ, जसलाई परमेश्वरले मानिसलाई बचाउनलाई चुनेका हुन् र उनी यसलाई वदल्न (फेर्न) सक्दैनन् ।

३२. अय्यूवसँग पनि ठीक यही कुरो थियो । उसलाई थाहा थियो कि उ धर्मि हो, किन कि उसले परमेश्वरको शर्त अनुसार वलिदान चढाई सकेको थियो ।

३३. आउनुस्, अब हामी हेर्दछौं कि यो कुन यही ठाउँ हो, जहाँ परमेश्वरले आफ्नो नाम राखेका छन् । यदी हामी यो खोज्दछौं कि परमेश्वरको के नाम हो उनले यसलाई कहाँ राखेका छन् ? भने जसरी नै हामी यसलाई खोज्दछौं, हामीले आराधनाको त्यो स्थान भेटिने छ वास्तवमा, सबै वस्तुहरू आउने वाला वस्तुको प्रतिछाया नै थियो ।

३४. सारा व्यवस्था आउने वाला वस्तुहरूको प्रति छाया नै थियो । जस्तो कि चन्द्रमा सूर्यको छायाँ हो । यसले सूर्यको

अनुपस्थितिमा काम गर्दछ, जस्तै :- चर्च (मण्डली) परमेश्वरको पुत्र मसीहको अनुपस्थितिमा काम गर्दछ। मसीहको अनुपस्थितिमा मण्डली (मन्दप्रकाश) अर्थात् विश्वासी परमेश्वरको सेवकाई गर्दछन् र मसीहको अनुपस्थितिमा उज्यालो दिन्छ। परन्तु जब सूर्य बाहिर निस्किए बाहिर आउँदछ, भने तपाईं चन्द्रमालाई अरु धेरै देख्न सक्नु हुन्न किन कि तब त्यो छिप्दछ (लुक्दछ)। सूर्यलाई यसको प्रकाशको कुनै आवश्यकता पर्दैन। किन कि चन्द्रमाले सूर्यबाट निस्कनेवाला प्रकाशलाई नै त लिनुछ।

३५. अब पति र पत्नी जस्तै सूर्य र चन्द्रमा छन् - मण्डली र मसीह हुन् (छन्) अब हामी हेर्दछौं, कि यी सबै वस्तुहरू मसीहका प्रतिछाया हुन् ..... प्रत्येक बलीदान, पर्व र जे जति पुराना नियम (Old Testament) मा छ, त्यो सबथोक मसीहका प्रति छाया हुन्। ठीक जस्तै, कि कुनै परछाई (छायाँ) पर्शमाथि पर्दछ .. अब हामी यहाँ देख्ने छौं आराधनाको सही स्थान कहाँ छ- अब यदी हामीले यो हेर्नुछ कि परमेश्वरको आराधनाको सही स्थान कहाँ छ, तव हामी यसलाई फर्किएर पछाडि पुरानो नियममा हेर्ने छौं कि कहाँ निर यसको बारेमा दिइएको छ र हेर्ने छौं कि यी कुराहरू के हुन् ?

३६. अब, हेर्नुस् जब कुनै परछाई (छायाँ) पर्समाथि पर्दछ, भने तपाईं भन्न सक्नुहुन्छ कि यो परछाई (छायाँ) स्त्री, पुरुष या जनावरको हो। यो जे सुकै पन यो हो, तपाईं उसलाई भन्न सक्नु हुन्छ, किन कि यो पर्समाथि आफ्नो छायाँ

बनाउदछे। र छाया जब जब सानो हुँदै जान्छ परछाई एउटा नेगेटिभ भएको कारणले अरु कुनै पनि नेगेटिभ (परछाई) छायाँ पोजेटिभ (वस्तु)को विना हुनै सक्दैन त्यसैले जब वस्तु त्यस नेगेटिभको एक दमै नजिक आउँदछ तब नेगेटिभ अर्थात् परछाई (छायाँ) वस्तमा मिल्दछ (समाहित) हुन्छ। जब यो नेगेटिभ र वस्तु एक साथ मिल्दछ, भने तब के बन्दछ तब वस्तु (पोजेटिभ)को निर्माण हुन्छ। र यदि पवित्रशास्त्रका पुराना नियमका सबै कुराहरू या वस्तुहरू आउनेवाला वस्तुहरूको परछाई (छायाँ) थियो, भने तब यही कारण हो, कि मसीह आउने वाला वस्तुको परछाई (छायाँ) हो।

३७. अत: हामी पुरानो नियममा हेर्न सक्दैछौं कि परमेश्वरले कहाँ त्यो ठाउँ चुने (छाने) जहाँ उसले आफ्नो नाम राखेको छ अब यो कहाँ छ ? अब जस्तै एउटा छायाँ स्पर्श माथि पर्दछ, जस्तै मैले भनेको थिएँ कि यो नेगेटिभ हुन्छ। अत: यसै प्रकार हामी, जो परमेश्वरका उपासक छौं, यो पनि देख्दछौं, कि पुराना नियमका परछाई (छायाँहरू), बिस्तारै-बिस्तारै गरेर नयाँ नियमको वास्तविक वस्तुमा विलिन भै जान्छन्।

३८. पुराना नियमका सबै पूर्व सबै मन्दिर आराधनालय, सारा काठहरू-आराधनालयका सबै चीजहरू मसीहलाई नै चिन्हीत गर्दछन्। सबै चढावे (प्रसाद) सबै आज्ञाहरू सबै थोक त मसीहलाई नै चिन्हीत गर्दछन्। हामी समय-समय (बेला-बेलामा) यसलाई यस आराधनालयमा देखिसकेका छौं। हामीले यी सबैकोद्वारा देखेका छौं कि प्रत्येक धार्मिक

मत, प्रत्येक चर्च-नामधारी चर्च, यसबाट धेरै पछाडि छोडिएका छन्। यिनीहरू यस दौडमा कहीं पनि टिक्दैनन्। सबै धार्मिक मत, चर्च सबै नामधारी संस्थाहरू यस दौडबाट पूरै किसिमले बाहिर भै सकेका छन्। उनीहरूको लागि कुनै पनि संस्था बाँकी छैनन्।

३९. पुरानो नियममा केही पनि यस्तो छैन या चर्चको पवित्रशास्त्रमा कहीं पनि केही यस्तो छैन, परन्तु यो त केवल वावुलको धरहराको जस्तो वलपूर्वक बनेको इकाई हो। यही एउटा केवल यस्तो वस्तु छ जो यस एकतालाई एक इकाईलाई दर्शाउँदछ। किन कि यो निर्मोदद्वारा बनाइएको थियो। निर्मोद एउटा दुष्ट प्राणी थियो। उ बाहिर निस्कियो र सबै साना-साना देशहरूलाई बलपूर्वक एक ठाउँमा आउनको लागि बल गर्‍यो र यस ठूलो धरहरालाई निर्माण गरायो। वास्तवमा यो एउटा धार्मिक उपासना थियो, परन्तु परमेश्वरको वचनमा यसलाई कुनै मान्यता दिइएको थिएन। अत तपाईं जहाँ सुकै पनि या कुनै पनि डिनोमीनेशल धर्मलाई नामधारी धर्मलाई नामधारी धर्मलाई देख्नु हुन्छ भने यो केवल पुरानो नियमको वावुलको धरहरालाई नै दर्शाउँदछ। वास्तवमा, यो धर्म, एउटा धर्म नै थियो, परन्तु यो परमेश्वरको वचन अनुसार धर्म थिएन।

४०. परमेश्वरले कुनै पनि नामधारी चर्चलाई आफ्नो नाम राख्नको लागि चुनेका (छानेका) होइनन्। यदि यसको बारेमा वचनमा केही छ, भने म तपाईंलाई यो वचन भित्रबाटै देखाउन चाहन्छु। मलाई थाहा छ कि, उनीहरू

यस कुराको दावा गर्दछन् कि परमेश्वरले यसो गरेका हुन् । परन्तु परमेश्वरले कहिले पनि यसो गरेका छैनन् । उनी आफ्नो नाम अनेकौं स्थानहरूमा राख्न सक्दैनन् किन कि उनले भनेका थिए, कि उनले आफ्नो नाम केवल एउटै ठाउँमा राखेका छन् - उनले आफ्नो नाम केवल एउटै ठाउँलाई दिएका छन् । र यही एउटा स्थान हो - हर एक नामधारी चर्च, यो भन्न चाहन्छन् कि उनीहरूको चर्च नै त्यो स्थान हो, जहाँ परमेश्वरले आफ्नो नाम राखेका छन्, परन्तु यो विरोधात्मक छ । परन्तु उसले आफ्नो नाम कहाँ राखेको थियो ?

४१. अब हेर्नुस् र यो ... उसको नाम के हो ? सर्वप्रथम हामीले यो खोज्नु पर्नेछ कि परमेश्वरको के नाम हो, जसलाई उसले कुनै स्थानमा राख्ने छ । अब, हामी हेर्दछौं कि उसका अनेकौं उपाधीहरू छन् : उ "शैतानको गुलाव" भनियो, जुन कि एउटा उपाधी हो । "विहानको तारा" "यहोवा-यिरे", "यहोवा-राप्प", आदि जस्तै नै उसका सात मुक्ति दिलाउने वाला भिन्न - भिन्न जटिल नाम छन्, परन्तु यी सवै उसका उपाधि हुन् । यसमा (यिनीहरू मध्ये) कुन पनि नाम होइनन् । परन्तु उसको एउटा नाम छ ।

४२. जब उसको मोसासँग भेट भयो, त्यसवखत उनको नाम थिएन र उसले मोसालाई भन्यो (बतायो, "म जे छु त्यही छु ।" र जब हामी येशूलाई यस पृथ्वीमा देख्दछौं - म हिब्रेको छैठौं अध्याय भित्रबाट बोली रहेको छु, मलाई क्षमा गर्नुस्, यो सन्त युहन्नाको छैठौं अध्याय हो । उसले पनि भनेको थियो, "म जे हुँ त्यही हुँ ।"

उनीहरूले भनेका थिए, "अहिलेसम्म तँ पचास वर्षको भएको छैनन् ता पनि तँ भन्दछस् कि मैले अब्राहीमलाई देखें ?

४३. अब हामी यो देख्दछौं कि प्रभु येशूले भनेका थिए, "म आफ्नो पीताको नामबाट आएको हुँ र तिमी मलाई ग्रहण गर्दैनौं ।" तब त पिताको नाम 'येशूनै" हुनुपर्ने । यो ठीक कुरा हो । पिताको नाम येशू नै हो, किनकि येशूले उनीसँग भनेका थिए, "मेरो पिताको नाम मसँग छ । म आफ्नो पिताको नामबाट आएको हुँ तिमीले मलाई ग्रहण गरेनौ" उनको नाम येशू थियो । जिब्राइल फरिस्तेले उसलाई येशू भनेको थियो । भविष्यवक्ताहरूले उसलाई येशू भनेको थियो । उ सम्पूर्ण रुपबाट नै येशू नै थियो । यहाँसम्म कि उसको जन्म भन्दा पूर्व पवित्र भविष्यवक्ताले उसको नाम इम्मानुयल बताएका थिए, जसको अर्थ हो "परमेश्वर हामीसँग" । र जगतको पाप हटाउनको लागि परमेश्वर शरीरमा प्रकट भएका थिए, र यसो गर्नमा यसलाई "येशू" नाम दिइएको थियो । अतः येशू एउटा नाम हो । र यो नाम मानिसमा राखिएको थियो । कुनै चर्च, या कुनै नामधारी संस्था, या कुनै धार्मिक मतमा, होइन अपितु एउटा मानिसमा यो नाम राखिएको थियो । उसले आफ्नो नाम राख्ने स्थान येशू मसीहमा चुनेको छ ।

४५. अब हामीले ज्ञात गरिसकेका छौं, कि तब उ परमेश्वरको आराधनाको स्थान बनी जान्छ, जहाँ तपाईं परमेश्वरको आराधना गर्नुहुन्छ । यहाँ सम्म कि उनी पैदा हुनु भन्दा अगाडि नै उसको नाम सर्वदा (सँधै नै) येशू कहलिएको (

भनिएको) थियो। यो यति नै धेरै महत्वपूर्ण थियो, कि यसलाई जिवराइल फरिस्तेद्वारा उसकी आमालाई दिइएको थियो, कि उसको नाम येशू हुनेछ। उ परमेश्वरको पुत्र कहलाउने (भनिने) छ, जो कि उ थियो।

४६. अतः त्यसो भए त त्यो ठाउँ हामीले भेटि सक्यौं। यही केवल एउटा मात्र ठाउँ हो। यही एउटा मात्र स्थान उसको लागि हो। यही परमेश्वरबाट चुनिएको आराधना स्थान हो। यही परमेश्वरले मानिसलाई भेट गर्नलाई छानिएको ठाउँ हो - उनी मानिससँग कुनै चर्च या नामधारी संस्था, या कुनै धार्मिक मतमा भेट गर्दैन, बरु उ मानिससँग महीसमा भेट गर्दछन्। यही केवल एक मात्र यस्तो स्थान छ, जहाँ परमेश्वर उससँग भेट गर्नेछ र मानिस परमेश्वरको आराधना मसीहमा गर्न सक्दछ। यही केवल एउटा मात्र स्थान हो। यसको कुनै मतलव छैन, चाहे तपाईं मैथोडिस्ट, वैपटिस्ट, कैथोलिक, प्रोटिस्टेन्ट हुनुस्, तपाईं चाहे जे सुकै हुनुहोस्, केवल एउटै स्थान छ, जहाँ तपाईं परमेश्वरको आराधना सही तरिकावाट गर्न सक्नु हुन्छ, र त्यो छ मसीहमा। रोमि ८:१ भन्दछ, त्यो अब जुन मसीह येशूमा छ, ती माथि दण्डको आज्ञा छैन, किन कि उनीहरू शरीरको अनुसार होइन तर आत्माको अनुसार हिंडदछन्। यही सुसमाचार हो।

४७. हामी धार्मिक मतहरूमा भिन्न भिन्न हुन सक्दछौं हाम्रा मानव निर्मित सिद्धान्त भिन्न भिन्न हुन सक्दछन्। तपाईं मेथोडिस्ट चर्च जानुहुन्छ भने तपाईंले मैथोडिस्ट वन्नु पर्दछ। जब तपाईं वैपटीस्ट चर्च जानुहुन्छ तपाईं बाप्रिष्ट

बन्नुहुन्छ। परन्तु जब एक पटक तपाईंलाई मसीहमा वपतिस्मा हुन्छ, तब तपाईं उसको शरीरको अंग बन्नुहुन्छ। तब तपाईंमा कुनै भिन्नता या मतभेद हुँदैन। अलग गर्नेवाला पर्खाल भत्किन्छ (ढल्छ) र तपाईं स्वतन्त्र हुनुहुन्छ किन कि तपाईं मसीहमा हुनुहुन्छ। र जब तपाईं मसीह येशूमा हुनुहुन्छ, भने तपाईं परमेश्वरको आराधना आत्मा र सच्चो सच्चाईसँग गर्नुहुन्छ। यही परमेश्वरको तपाईंको लागि योजना छ, कि तपाईं उसको आराधना मसीह येशूमा गर्नुहोस्।

४८. अब हेर्नुस् : कुनै पनि नामधारी चर्च यसको दावा गर्न सक्दैनन्। यस्तो दावा (ठोकुवा) गर्ने हिक्मत तपाईंमा कसरी हुन्छ ? यसो गर्नु मसीह विरोधी आत्मा हुनेछ, जसले तपाईंलाई मसीहबाट टाढा दिनेछ, जसले तपाईंलाई परमेश्वरबाट टाढा गरिदिनेछ।

तपाईं यसो गर्न सक्नुहुन्न। मसीह केवल एउटा मात्र त्यो संस्था हो, जहाँ परमेश्वर आफ्नो आराधना गर्नेवालासँग भेट गर्दछन्।

४९. उनीहरू आज भन्दछन्, मानिसहरूले मलाई भनेका छन् ... धेरै दिन भयो एउटा मानिसले मलाई वियोमोन्ट, टक्सरमा बोलाएको थियो। उसले म सँग भनेको थियो, “श्रीमान, ब्रान्लाम, यदी तपाईंको नाम हाम्रो चर्चको किताबमा छैन, भने तपाईं स्वर्ग जान सक्नुहुन्न।” के तपाईं यस्ता कुरालाई विश्वास गर्नुहुन्छ। उनीहरू सोच्दछन् कि तपाईं कुनै चर्चको सदस्य हुनुपर्ने (पर्छ), अन्यथा तपाईं स्वर्गमा जान सक्नुहुन्न। यो गलत कुरो

हो। यसलाई विश्वास गर्नु नै मसीहलाई विरोध गर्नु हो। म त यही भन्ने छु। यदी तपाईं यस्तो विचार तत्वलाई विश्वास गर्नुहुन्छ भने तपाईं वरवाद हुनुहुन्छ। तपाईंको वर्वादीको यो एउटा राम्रो चिन्ह हो, किन कि यसले तपाईंलाई उसबाट टाढा लैजान्छ, जसलाई परमेश्वरले गरेका थिए। परमेश्वरले कहिले पनि आफ्नो नाम चर्चमा राखेका छैनन्। उसले यसलाई आफ्नो पुत्र येशू मसीहमा राखेको छ जब उ र उसको पुत्र एक बन्दछन् यही आराधनाको विशुद्ध स्थान हो। कुनै अर्को बुनियाद (विकल्प) राखिएको छैन। कुनै अर्को चट्टान छँदै छैन। "मसीहरूपी चट्टान माथि म उभिएको छु, अन्य सबै स्थान।" नामधारी चर्चहरू टुक्रा टुक्रा हुनेछन्, र तिनीहरू ढल्ने छन्। राष्ट्र सिधिदै (खतम) हुँदै रहने छन्, परन्तु उनी सर्वदा बनिरहने छन्। मानिस परमेश्वरको आराधना गर्नको लागि कुनै यस्तो ठाउँ खोज्नै सक्दैन, जहाँ परमेश्वर उससँग कुराकानी गर्न सकुन्। कुनै स्थान छैन, परन्तु मसीह येशूमा नै त्यो स्थान छ। यही केवल एक मात्र स्थान छ, जहाँ परमेश्वर आफ्ना उपासकहरूलाई भेट गर्दछन्। यसको अतिरिक्त अन्य कुनै अरु कुराहरूको विश्वास गरेर, तपाईं नाश हुनुहुन्छ।

५०. ध्यान दिनुस्, यहूदिहरूको सबै सातैवटा पर्व मान्नको लागि एउटै स्थान ठहराइएको थियो सबै सातै पर्व एकै स्थानमा मनाइन्थे। उनीह्रूले कुनै पनि एउटा पर्वलाई यहाँ मैथोडिस्टहरूमा मनाउनको लागि एउटा यहाँ वैपटिस्टमा मनाउनको लागि र एउटा त्यहाँ प्रेस विटेरियनमा मनाउनको लागि र एउटा त्यहाँ कैथोलिकमा र एउटालाई

प्रोटिस्टेन्टमा मनाउनको लागि ठहराइएको थिएन। एकै स्थानलाई सातै पर्वहरूलाई मनाउनको ठहराइएको थियो।

५१. यहाँनिर एउटा साह्रै राम्रो उदाहरण छ। हामीले अहिले केही समय पहिले नै सात कलिसिया कालहरूलाई देखेका थियौं। जसमा हामीले देखेका थियौं कि परमेश्वरले सबै सातैवटा मण्डली कालहरूलाई वचनमा राखेका थिए। किन कि प्रत्येक मण्डली काल वचनको एक हिस्सा ( भागलाई) उत्पन्न गर्दथियो। जहिले यिनी यसलाई उत्पन्न गर्दथिए उनी उजियालो प्रकट गर्द थिए ...... ठीक ती मानिसहरूको भाँती जसले 'येशू' को नामको वपतिस्माको खोजी गरेका थिए। उनीहरूले के गरेका थिए ? उनीहरूले यसलाई बाहिर एउटा नामधारी चर्च बनाएर यो त्यतिबेलै मृत भयो। तब परमेश्वर त्यहाँबाट निस्किएर अन्तै कतै गए। उ यी धार्मिक मतहरू व रिती रिवाजहरूमा कहिल्यै रहने छैन। उससँग यिनको केही पनि लिनु-दिनु हुँदैन। परमेश्वरको मामलामा कुनै मिलावट हुन सक्दैन। परमेश्वरको वचन पवित्र र मिलावट रहीत छ। मसीह परमेश्वरको आराधनाको केन्द्र विन्दू हो। त्यही परमेश्वर हो।

५२. सबै सातै पर्व यसै एकै ठाउँमा राखिएका हुनु पर्ने। तपाईं कुनै पनि एउटा पर्वलाई कुनै अर्को स्थानमा मनाउनको लागि राख्न सक्नुहुन्न, न त यसलाई सात भिन्दा भिन्दै ठाउँमा मनाउनको लागि राख्न सक्नुहुन्छ वर्षका सातैवटा पर्वलाई एउटै स्थानमा मनाउनको लागि राखिएको हुनु पर्छ। यही कारण हो कि सातै कलिसिया काल एउटै

स्थानबाट आउनु पर्ने। यो मसीह नै थिए, जो सबै सातै मण्डलीयी कालहरूमा कुरा-कानी गरिरहेका थिए। यो एकदमै ठीक छ। यी सातैवटा पर्व सात मण्डलीयी कालहरूको प्रतिछाया थियो। परन्तु उनीहरूले यस भित्रबाट नामधारी चर्च बनाए।

५३. आउनुस्, अब जब कि हामी यहाँ छौं, हामी एउटा अर्को उदाहरण हेरौं,। यो बितिसकेको वृत्तान्त येशूको प्रतिछाया थियो। हामी यहाँनिर मृत्युद्वारा बगेका बलिदानी रगतमाथि ध्यान दिउँ। बलिदानी लहू (रगत) त्यो स्थान थियो, जसले मसीहलाई दर्शाउँद थियो। के कुनै नामधारी चर्च लहू (रगत) बगाउन सक्दछ ? के तपाईं सोच्न सक्नु हुन्छ, कि कुनै चर्च रगत बगाउन सक्दछ के नामधारी संस्थाले रगत बगाउन सकेको छ ? एकदमै छैन उहीहरू यसो गर्न नै सक्दैनन्। रगतले कुनै जीवन भित्रबाटै निस्किएर बग्नु पर्छ र त्यस भित्रबाट जीवन यहाँ ममनेकोद्वारा येशू दृष्टिगोचर हुन्छन्। मेमना मसीहका प्रतिछाया थियो र मसीहलाई दर्शाउँद थियो किन कि ..जाह परमेश्वरको मेमना थियो। यहुन्नाले पनि यसको परिचय यसरी नै गराएको थियो, कि यो परमेश्वरको मेमना हो, जसले जगतको पापलाई उठाएर लैजान्छ।

५४. हामीहरू देख्दछौं कि, येशू प्रस्थानको १२ वाँ अध्यायमा पनि दृष्टिगोचर हुन्छन्। ध्यान रहोस्, केवल एउटा स्थान थियो, जहाँ मृत्यु आउन सक्दैन थियो। जब मृत्यु त्यस देशमा आउनेवाला थियो, तब केवल एउटा यस्तै स्थान थियो, जहाँ सबै यस मृत्युबाट वच्न सक्दथिए। केवल

एउटै यस्तो स्थान थियो ! अब यसको मतलब यो थिएन की यो एउटा घर थियो, परन्तु यो एउटा स्थान थियो, जहाँ मेमना मारिएको थियो। जहा मेमनेको रगत थियो, त्यो मौतको फरिस्ता आउन सक्दैन थियो किन कि यो एउटा यस्तो स्थान थियो जहाँ परमेश्वरले आफ्नो नाम राखेका थिए। र त्यहाँ पछाडि प्रारम्भमा मेमनेलाई नाम दिइएको थियो। ध्यान दिनुस्, यही केवल एक मात्र यस्तो ठाउँ थियो जहाँ उ आउन सक्दैन थियो।

५५. र अहिले पनि ठीक त्यस्तै छ। केवल एउटै यस्तो स्थान छ, जहाँ आत्मीक मृत्यु आउन सक्दैन, र यो स्थान परमेश्वरको वचन हो। मृत्यु वचनलाई छुन पनि सक्दैन किन कि यो परमेश्वरको जीवित वचन हो। परन्तु जब तपाईं यसमा धार्मिक मत या रीति रिवाज मिलाई दिनुहुन्छ, तब वचन त्यसबाट (भित्रबाट) स्वयं वाहिरिन्छ। यो तेल र पानीको जस्तो अलग अलग भई जानेछ। तपाईं यसलाई एकै ठाउँ मिलाउन सक्नुहुन्न। अतः तपाईं देख्नु हुन्छ, जब धार्मिक मत र रिती रिवाज नामधारी चर्चमा आइदिन्छन्, भने उनीहरू यस धार्मिक मतको पछाडि हिंड्न थाल्दछन् र त्यसबाट बाहिर निस्केर आउँदछ र कुनै अरु सँग भइजान्छ, उ वचनमा अरु धेरै वृद्धि गर्दछ। र जब यो धार्मिक ठहरिने पवित्र हुने र पवित्र आत्माको वपतिस्मा हुँदै जान्छ, भने यसले अरु धेरै गती लिन्छ र जीवन बाहिर निस्किएर आउँदछ। के तपाईंले बुझ्नुभयो, जुन पथलाई परमेश्वरले प्रतिवादित गरेका छन्, परमेश्वर त्यसै पथबाट सबै समयमा आफ्नो नाम एउटै तरिकाबाट लिएर आएका छन्, किन कि उनी वचन हुन्।

५६. ध्यान रहोस् वचन मर्न सक्दैन। जीवनको वचन मर्न सक्दैन। कति शिद्ध छ यो ! मौतको फरिस्तालाई मिश्रका श्रेष्ठ व ज्ञानी मानिसहरूलाई यहाँ पुग्नको लागि मनाही थिएन। मौतको फरिस्तालाई मिस्रको पवित्र स्थानमा पुग्नको लागि रोकटोक थिएन। उसलाई मिस्रको भव्य इमारतहरू या त्यसमा फिरौन या त्यस देशको पुरोहित भएको ठाउँमा पुग्नलाई कुनै रोक-टोक थिएन - मौतको फरिस्तालाई मिस्रमा कहीं पनि पुग्नलाई मनाही थिएन। मौत कुनै पनि इमारत (महल) मा कुनै पनि ठाउँ, कोही भएको ठाउँमा पनि कोही भएको ठाउँमा पनि आउन सक्दथियो; परन्तु उ त्यहाँ आउन सक्दैन थियो, जहाँ मेमना थियो। जहाँ परमेश्वरले प्रदान गरिएको स्थान छ, त्यसमा मृत्युलाई स्पर्श हनु सक्द ैन मृत्यु त्यसलाई छुन पनि सक्दैन र यो स्थान मेमनमा छ।

५७. ध्यान रहोस्, यति सम्म थियो कि त्यस इस्रायली या हिब्रु पुरोहितहरू र हाम्रा उनका कुनै पनि नामधारी चर्चमा पुग्नलाई रोकटोक थिएन। सबैलाई परमेश्वरका चुनिएका परमेश्वरद्वारा प्रदान गएिका स्थानमा हुनु अवश्य थियो अन्यथा उ उनीहरूलाई मार्न सक्दथियो।

५८. चर्च तपाईं चाहे जो सुकै हुनुहोस्, तपाईं कुनै पनि चर्चको सदस्य हुनुहोस्, मलाई यसबाट केही फरक पर्दैन। परन्तु एउटा कुरो छ, जुन तपाईंले थाहा पाउनु जरुरी छ। तपाईंलाई मसीहमा हुनु पर्छ, अन्यथा मौतमा हुनुहुन्छ। तपाईं त्यसभन्दा बाहिर जीवित रहनै सक्नु हुन्न। हुन

सक्छ उ इमारत (भवन) को हैसियतले. तपाईंको चर्च सारै राम्रो होला, हुन सक्दछ, तपाईंको संगती मानिसहरूको दृष्टिमा एकदमै ठीक होस्, परन्तु, जुनबेला येशू मसीहको शरीरलाई येशू मसीहको रगतलाई येशू मसीहको वचनलाई इन्कार गर्नुहुन्छ, तपाईं मृत भै जानुहुन्छ। यही परमेश्वरको चुनेको (छानेको) आराधनाको ठाउँ हो। ठीक यही त्यो स्थान हो, जहाँ उसको नाम छ। यही त्यो स्थान हो, जसलाई उसले आफ्नो नाम राख्नको लागि छानेको छ उसको आफ्नो नाम चर्चमा होइन, वरन पुत्र, येशू मसीहमा राखेको छ।

५९. ध्यान रहोस्, सुरक्षा केवल उसले चुनेका ठाउँमा, उसको मेमनेमा र मेमनेको नाममा मात्रै छ।

६०. ध्यान रहोस्, त्यो नर मेमना थियो। उ (He) थियो न कि (She), त्यो चर्च (कलिसीया-स्त्री) थिएन, त्यसको (पुलिङ्ग) नाम हो, न कि त्यो उसको (स्त्री लिङ्ग) नाम हो। जहाँ उसले मानिसहरूसँग भेट गर्नको लागि भनेको थियो, यो उसको स्त्रीलिङ्गको नाम थिएन, परन्तु उसको (पुलिङ्ग) नाम थियो, उसको मेमना थियो।

६१. अव हामी भन्दछौं "यो चर्च (मण्डली-स्त्रीलिङ्ग) यो महान छ, शक्तिशाली छ यसले यो गरेको थियो, यसले यो गरेको थियो, यसले ठूलो हलचल मचाई दिएको थियो। हामीले अत्यधिक मानिसहरूलाई एकत्रित (जम्मा) गरेका थियौं। हामी गन्तीमा धेरै छौं। हामी एउटा सारै शक्तिशाली चर्च हौं यो सारै महान छ। परन्तु परमेश्वरले कहिले पनि एक

(एउटा) She को विषयमा केही भनेनन्। उनले भनेका थिए त्यो (He) उसको भेट गर्ने स्थल होला त्यो उसको मानिसहरूसँग भेट गर्ने ठाउँ होला उसको मानिसहरूसँग भेट गर्ने ठाउँ मेमना होला। उसको मानिसहरूसँग भेट गर्ने ठाउँ चर्च होला। यो उसको (स्त्रीलिङ्ग) Her नाम कहीं पनि राखेन, उसले उसको नाम (his) राखेको छ। उसले आफ्नो नाम त्यसमा राख्यो। यसैले हामीले सब थोक येशू मसीहको नाममा गर्नु पर्ने। यदी हामी प्रार्थना गर्दछौं भने हामीले प्राथ्रना येशू मसीहको नाममा गर्नु पर्छ। वचनवाट या कामवाट जे सुकै हामी गरौं सबै थोक हामीले येशू मसीहको नामवाटै गर्नु पर्छ (पर्ने)। यदि हामी याचना या अनुरोध गर्दछौं भने हामीले येशू मसीहकै नाममा गर्नुपर्छ। यदी हामी हिंड्दछौं भने येशू मसीहकै नामवाट हिंड्नु पर्छ। यदी हामी कुरा गर्दछौं भने येशू मसीहकै नाममा कुरा गरौं। यदि हामी वपतिस्मा लिन्छौं भने येशू मसीहकै नाममा वपतिस्मा लिउँ। वचनवाट या कामवाट जे सुकै गरौं त्यसलाई येशू मसीहको नामवाटै गरौं।

६२. एकपटक व्यक्तिले म सँग वार्तालाप गर्दै भनेको थियो, "भाइ व्रान्हनम मेरी पत्नी म होइन उसको नाम फलानो-फलानो हो।" (उ एउटा सेवक हो र हुन सकेको होस्, अव उ व्यक्ति यही बसेको होस्) म केवल जान्स भन्ने छु किन कि त्यो व्यक्ति जान्स थिएन सम्पा (सम्भवत भाइ व्रानाहाम त्यस व्यक्तिको नाम भन्न चाहँदैनन्, अतः उनीहरू जाँन्स नामलाई उपयोग गरी रहेका छन्) अव, उसलाई विहान उठेर, कुचो हातमा लिएर यो भन्ने

आवश्यकता छैन, परन्तु उ यो भन्दछे "म जाँन्सको नाममा फर्समा कुचो (झाडु) लगाउँदछु। म जाँन्सको नाममा फलेटहरू धुन्छु। म जाँन्सको नाममा लुगामा पेवन्द लगाउँछु याने जाँन्सको नाममा कपडाहरू सिलाई गर्दछु।" उसले भन्यो, "म सोच्दिन कि तिमीले कुनै पनि बेला कुनै नामलाई उच्चारण गरीरहनु पर्ने (पर्छ)।"

मैले भनें, "म यकिन गर्दछु, तपाईं यसो गर्नुहुन्छ।" यही ठीक छ। र उसले भन्यो, "ठिक छ, किन उसलाई न भन्नु पर्ने ....... उ हरेक काम जाँन्सको नाम लिएर नै शुरु गर्दछे।"

६३. मैले भनें, "परन्तु तिमी कहिले यसो गर्दैनौं कि उ सँग बाटो सडकमा हिंडेका हौला र उसको हाथ समाएर भनेका हौला, "आउ, जाँन्स" पहिले उसलाई रस्मको (चलन)को अनुसार विवाहको परम्परा (विधि)को मुताविक, जाँन्स बनेको हुन्छ। यदि उसले यसो गरेन भने तपाईं व्यविचारमा बाँधिरहनु भएको छ। यदि तपाईंले प्रभु येशूको नाममा वपतिस्मा न लिएर, यदि कुनै अर्कै सँगबाट वपतिस्मा लिनु भएको छ, भने यो व्यविचारमयी वपतिस्मा हो, जो कि वपतिस्मा होइन जुन पवित्र शास्त्रमा भेट्टाइँदैन।" अब तपाईं वचनबाट या कामबाट के गर्नुहुन्छ तपाईं सबैथोक येशूको नाममा गर्नुहुन्छ। यस पछि तपाईं के गर्नु हुन्छ ..... परन्तु सबभन्दा पहिले तपाईंलाई उसको नाम लिनु पर्छ याने येशूको नाम ग्रहण गर्नु पर्दछ (नाम ग्रहण गर्नु आवश्यक छ)।

६४. आज राती यस भवनमा अनेकौं सभ्य महिलाहरू छन् स्थानीय, सभ्य महिलाहरू छन्, परन्तु यहाँ केवल एउटै श्रीमती विलियम ब्रान्हाम छन् । उनीमात्रै एउटी यस्ती महिला छिन्, जो मसँग घर जान्छिन् । उनी नै केवल एउटी यस्ती महिला छिन्, जो मेरी पत्नी हुन् ।

६५. यस संसारमा अनेकौं सभ्य मानिसहरू छन्, अनेकौं सानदार व आलिशान चर्च छन्, परन्तु केवल एउटै कुमारी येशू मसीह छन् र यही ति हुन्, उस जसको लागि उ ( येशू) आई रहेको (आउँदै) छन् । यही हो, त्यो जाँदा उसको नाम राखिएको छ ।

यो सत्य हो । जी, हो श्रीमान ! हामी यसलाई सत्य नै पाउँदछौं ।

६६. यही कारण हो कि हामी वचनबाट या कामबाट जे जसो गरौं येशू मसीहको नामबाटै गरौं । स्वर्गको तल अरु कुनै अर्को नाम दिइएको छैन, जसको द्वारा हाम्रो उद्धार होस्, परन्तु केवल येशू मसीहको नाम नै दिइएको छ, जसको द्वारा हामी उद्धार पाउन सकौं । प्रेरितहरूको काम दोश्रो अध्यायमा भन्दछ : "त्यसैले तिमी यो थाहा पाइराख, र कुनै अर्को नाम दिइएको छैन, जसको द्वारा हामी उद्धार पाउन सकौं ।" केवल येशू मसीहको नामवाटै हामी उद्धार पाउँदछौं । आमीन ! म आशा गर्दछु कि तपाईंले यसलाई वुझ्नु भयो होला । येशूको नाम सबै सर्वोच्च स्वर्गलाई उसैको नाम दिइएको छ । स्वर्गमा सबै कुल (Family) को नाम 'येशू' छ । र पृथ्वीमा कुलको नाम 'येशू' छ । अतः यही परमेश्वरको चुनिएको नाम (स्थान) हो जहाँ

उसले यसलाई राखेको छ। यही उसको आराधनाको स्थान हो - उसको आराधनाको स्थान येशू मसीहमा छ।

६७. अब हामीलाई थाहा छ कि यो यस्तो नै हो। उसको आराधना गर्ने कुनै अर्को ठाउँ छँदै छैन, परन्तु त्यस (येशू) मा नै हामी उसको आराधना गर्न सक्दछौं। स्वर्गको तल मानिसहरूमा कुनै अर्को नाम दिइए छैन : जसबाट उनीहरूले उद्धार पाउन सकुन्। यो परमेश्वरको पापहरूवाट मुक्ति दिलाउनेवाला नाम हो याने यो उद्धार दिलाउने वाला नाम हो। परमेश्वरको नाम यहोवा यिरे, यहोवा राप्पा भनिएको थियो। यहोवा-यिरे- "त्यो परमेश्वर जो तेरो सबै पापहरूलाई क्षमा गर्दछ।" यहोवा-राप्पा- "त्यो परमेश्वर जसले तेरो सबै बिमारीहरूबाट चंगा (निको) पार्दछ।" उसका अनेकौं उपाधिहरू छन्, परन्तु उद्धार दिलाउने वाला, उसको एउटै नाम छ, जसको सिधा सम्वन्ध मानव जातीसँग छ र यो नाम येशूको हो। यही उसको त्यो नाम हो, जसलाई उसले दिनको निम्ति चुने ....... छ र उसले यसलाई कहाँ राखेको थियो ? उसले यसलाई मसीहमा राखेको थियो। अन्य सबै चर्चहरूको नामहरू, धार्मिक मतहरू, उपाधिहरू आदि माथि विश्वास गर्नु मृत्यु हो। यदि तपाईं यो एकिन गरिरहनु भएको छ कि मैथोडिस्ट चर्चमाथि विश्वास गरेर तपाईं स्वर्गमा जानुहुनेछ, भने तपाईं नस्ट हुनुहुन्छ। यदि तपाईं विश्वास गरिरहनु भएको छ कि पेन्टी कोस्टल चर्च, तपाईंलाई स्वर्गमा लैजान्छ भने तपाईं नस्ट हुनुहुन्छ। यदि तपाईं वैपटिस्ट, लूथरन, प्रेस विटेरियन, कैथोलिक या अन्य कुनै पनि चर्चमाथि, या तिनीहरूको नाम माथि या उनीहरूको

उपाधिहरूमाथि या उनीहरूको धार्मिकतामाथि विश्वास गरिरहनु भएको छ, भने तपाईं वरवाद हुनुहुन्छ। किन कि तपाईं आराधना पनि गर्न सक्नुहुन्न, जब सम्म तपाईं आराधनाको स्थानमा आउनुहुन्न। आमीन ! यही केवल एक मात्र स्थान हो (छ), र जहाँ परमेश्वर आफ्ना उपासकहरूसँग भेट गर्दछन्। अन्य सबै स्थानहरूमा विश्वास गरेर तपाईं मर्नु हुनेछ।

६९. त्यो पनि यहाँ येशूको एउटा अर्को प्रतिछाया देखिइन्छ, यस वचनको लेखलाई मैले रेखांकित गरेको हो। त्यो पनि ..... उसको प्रतिछाया थियो, त्यो दोषरहित हुनुपर्छ। यो मेमना त्यो स्थान जहाँ उसले आफ्नो नाम दियो, दोषरहीत हुनुपर्छ। कुन चाहिँ नामधारी चर्च या तन्त्र, तपाईं यस्तो देख्न सक्नुहुन्छ ? के कुनै चर्च यस्तो छ ? कैथोलिक, प्रोटिस्टेन्ट, यहूदी यी जुन सुकै हुन्, तपाईं यिनीहरूलाई दोषरहित भेट्टाउन सक्नु हुन्न। यी सबै अस्विकृत या त्यागीमक हुन्, परन्तु एउटा ठाउँ छ। हाल्लिलूय्याह ! यो ठाउँ (स्थान) येशू मसीहमा छ। उसमा कुनै पनि त्रुटि छैन। उसमा कुनै पनि कमी पाइँदैन। तपाईं उसमाथि कुनै पनि दोष लगाउन सक्नुहुन्न। ती सबै मानिसहरू जो यसो गर्ने चेष्टा गर्दछन् भन्दछन्, उनीहरूको चर्च दोष रहीत छन्। यी सबै, अपवित्र, वचन विरोधी, धर्म-मृतक, लौदी कियायी धार्मिक मत हुन्, परन्तु यो सत्य होइन। परन्तु यहाँ सम्म कि उसको शत्रु पिलातुसले पनि स्वयं भनेको थियो, "म यसमा कुनै दोष भेट्टाउँदिन।" उसका आफ्ना दुश्मनले प्रमाणित गरेका थिए कि त्यसमा कुनै दोष छैन।

७०. उसले आफ्नो दिनका याचकहरूसँग भनेको थियो, "तिमीहरू मध्यबाटको मलाई दोष लगाउन सक्दछ ? को मलाई भन्न सक्दछ कि म दोषी छु ? मलाई कुनै एउटा चर्च भन्नुस् (बताउनुस्), जसले यो भन्न सक्दछ, कि उसले कहिल्यै कुनै गल्ती गरेन। स्पष्टरुपबाट यो छ, मुस्किलले उनीहरूमध्ये एउटा पनि यस्तो न होलान्, परन्तु उनीहरूले के हत्या या कत्ल र अरु सबैथोक गरेका छन् र यो इतिहासको पन्नामा या क्लैण्डरको तारीखमा मौजुद छन्। यसको अलावा (बाबजुद) पनि (यति हुँदाहुँदै पनि) उनीहरू आफूले आफैलाई भन्दछन् ... होइन यो परमेश्वरसँग भेट गर्ने, परमेश्वरलाई आराधना गर्ने ठाउँ होइन।

७१. मेरा मित्रहरू, म तपाईंहरूको भावनामा वाधा (ठोस) पुऱ्याउन चाहन्न, परन्तु म 'सन्देश' हेतु जिम्मेवार छु र यो सन्देश हो, "तिमी यस्तो ठाउँबाट बाहिर निस्किएर आउ।" र यदि म तपाईंलाई बाहिर निस्किएर आउन भनिरहेको छु भने तपाईंलाई कहाँ लैजाने चेष्टा गरिरहेको छु ? के तपाईंलाई म ब्रान्हाम आराधनालयमा लैजान चाहन्छु। परन्तु एउटा यस्तो ठाउँ छ, जहाँ म तपाईंलाई लैजान सक्दछु, जहाँ तपाईं मौत (काल)बाट सुरक्षित व बचिरहन सक्नुहुन्छ र त्यो ठाउँ येशू मसीहमा छ। यही परमेश्वरको आराधनाको स्थान हो। यही यो स्थान हो, जसको आज राती म परिचय गराई रहेको छु, जहाँ परमेश्वरले आफ्नो नाम राखेका छन्, जहाँको लागि उनले प्रतिज्ञा गरेका थिए, कि त्यहाँ आउनेवाला व्यक्तिसँग उ भेट गर्नेछ - जहाँ उ

सँगै आराधना गर्नेछ र उसैसँग पर्व मनाउने छ। यो स्थान मसीहमा छ। कुनै चर्चमा होइन, कुनै आराधनालयमा होइन, वरन मसीहमा नै उ यसो गर्नेछ। त्यो परमेश्वरको मन्दिर हो। यही नै त्यो ठाउँ हो जसमा स्वयं परमेश्वर आए र उसले उसमा (त्यसमा) डेरा गऱ्यो, यो मेरो प्रिय पुत्र हो, जसभित्र मैले निवास गरेर (बसेर) अत्यन्त प्रसन्न छु। यही त्यो ठाउँ हो, जहाँ परमेश्वरले निवास गरे। उसले आफ्नो नाम ल्यायो र त्यसलाई उसले येशूलाई दियो। अतः उसको नाम एउटा मानिस माः उसको छोरो येशू मसीहमा राखियो, जसमा स्वयं उसले डेरा गऱ्यो। र त्यो मन्दिर जुन पुरानो यरुशलेयमा थियो, यसलाई दर्शाउँदछ। पुरानो यरुशलेम, पुराना सबै पर्व, पुराना मन्दिर यसको एउटा प्रति छाया थियो। र त्यस दिन जब अहदको सन्दुक (सन्दुस) (वाचाको सन्दुस) मन्दिरमा ल्याइयो र राखियो, तव एउटा धुँवा त्यहाँ मन्दिरमा ल्याइयो र त्यस भित्रवाट परमेश्वरको आवाज (स्वर) सुनियो। ठीक त्यस्तै प्रकार येशू मसीह रुपी मन्दिर, जसले पुरानो कुरा चिन्हित गर्दथियो, त्यो एउटा नयाँको छायाँ थियो, मसीहमा आयो, तव उसले भन्यो "यो मेरो प्रिय पुत्र हो, जसमा निवास गरेर म अत्यन्त प्रसन्न छु। र यो मेरो चुनिएको (छानिएको) स्थान हुनेछ, जहाँ म आफ्नो नाम राख्नेछु र जहाँ म मनुष्यसँग भेट गर्नेछु र जहाँ मेरो आराधना गरिनेछ।" परमेश्वरले एउटा स्थान चुनेको (छानेको) छ। कुनै नामधारी चर्चमा होइन, तर मसीहमा त्यो स्थान चुनेको छ। जी हो, श्रीमान !

७२. जस्तो मैले भनेको थिएँ, "उसले पनि दोषरहित हुनुपर्छ।" कुनै पनि नामधारी चर्च यस्तो दावा (ठोकुवा) गर्न सक्दैनन्। यदी उनीहरू यस्तो गर्दछन् भने उनीहरू मसीह विरोधी हुन्।

७३. अब, हामीले यसलाई देखेका छौं, अब तपाईं फेरि उसको प्रतिछ्राया प्रति ध्यान दिनुस्। (यो निर्गमनको १२ वाँ अध्यायमा छ, यदि तपाईं यसलाई रेखाङ्कित गरी रहनु भएको छ यो प्रस्थान १२:३-६ हो।) त्यो मेमना चार दिन सम्म राखिइनु पर्दछ, ताकि यो देखिन सकोस् कि उ वलि हुन योग्य छ छैन। त्यसलाई लिइने गरिन्थ्यो उसलाई चारदिन सम्म वरावर (पटक-पटक) निरीक्षण गरिन्थ्यो ताकि देख्न सकियोस् कि कहीं उसमा दोष त छैन, कहीं उसलाई कुनै बिमारी त छैन, कहीं त्यस मेमनेसँग कुनै गडबडी त छैन। त्यस चारदिन सम्म राखिनु पर्दथियो।

७४. अव ध्यान दिनुस्। कसैको यो विचार हुन सक्दछ, कि उ चौधौं दिनमा मारिइन्थ्यो, परन्तु आज याद रहोस्, उनीहरू मेमनेलाई महिनाको दशवाँ दिन राखी राख्द थिए र त्यसलाई महिनाको चौधवाँ दिन मारिन्थ्यो (बुझ्यौ ?) जो कि चारदिन सम्म राखिइन्थ्यो।

७५. अव हेर्नुस्, येशू, परमेश्वरको नामको मेमना यरुशलेममा गयो र फेरि फर्किएर तव सम्म आएन, जवसम्म उसको मृत्यु दफन (गाडिनु) र पुनरुत्थान भएको थिएन। उ चारदिन र चार रातसम्म आलोचनाहरूमा राखिएको

थियो । यो तव थियो, जब पिलातुसले भनेको थियो, “म यसमा कुनै दोष भेट्टाउँदिन ।”

७६. उसको एउटा अर्को प्रतिछाया यो हो कुनै पनि हाड त्यसमा भाँचिएको न होस्, जो कि अति नै सिद्ध तस्वीर थियो, जब उनीहरू यसो गर्न सकेनन् ..... वलिको मेमनेलाई मर्नको लागि उनीहरू उसको एउटा पनि हाड भाँच्न सक्दैनथिए । यदि यस्तो हुन्थ्यो यानि उसको कुनै हाड भाँचिएको हुन्थ्यो, भने त्यसलाई (त्यो) ग्रहण गरिँदैन थियो । र उनीहरूले मसीहको खुट्टाहरूको हाडलाई भाँच्नको लागि, आफ्ना हातहरू पहिले नै पछाडि हटाएका थिए (हात झिकेका थिए), जब उनीहरूले भने, “यो त पहिले देखि नै मरेको छ ।” उनीहरूले छेउबाट उसलाई छेडे र रगत र पानी भेट्टाए ।

७७. एउटा अरु महान दृष्टान्त माथि ध्यान दिनुस् । म यसलाई त्यत्तिकै छोडि दिने छुइन, किन कि उ बिललाई अन्न वलीलाई दर्शाउँद थियो ।
मलाई सम्झना छ एक पटक, उनको एउटा स्कूल थियो, जुन पवित्रशास्त्रमा भविष्यवक्ताको स्कूल भनिएको थियो र यो एउटा स्कूल नै थियो । र हामी देख्दछौं कि एक दिन एलियाह त्यस स्कूल सम्म गयो र उनीहरूले भने, “हामी .... उनीहरूले उससँग निवेदन गरे कि उ जावस् । उनीहरूले भने, जहिले देखि तँ यहाँ हुन्छस् भने सवथोक ठीक ठाक चलिरहन्छ । अतः उनीहरू चाहन्थे कि उ त्यहाँवाट टाढा जाओस् । र उनीहरू उसको भोजनको लागि वाहिर गए । पुरोहितहरू या भविष्यवक्ताका एउटा

समूह उसको लागि भोजन तयार गर्नको लागि साग या मट्टर (मट्टर) लिनलाई गए र जब उनीहरूले यस्तो गरे तब उनीहरू त्यो अजुली भरि लिएर आए तब उनीहरू आए, तब यो जंगली पदार्थ थियो जुन विषालु हुन्थ्यो र उनीहरूले भाँडोमा हालिदिए र भाँडो उम्लिन थाल्यो र उनीहरूले त्यसलाई उनको भाँडोमा पस्किदिए र त्यस मध्ये कसैले बोल्यो, "हाय ! भाँडामा मृत्यु छ। अब हामी यसलाई खान सक्दैनौ। र तब यलिय्याहले भन्यो, "मेरो लागि एक मुठ्ठी जति मैदा (पिठो) लिएर आओ।" र उसले मैदा आफ्नो हातमा लियो र त्यसलाई भाँडामा हालिदियो र भन्यो, "आओ, भाँडो ठीक (चंगा) भएको छ यानी अब भाँडामा कुनै हानी गर्ने वस्तु छैन (रहेको छैन)।

७८. अन्न बलि मसीह थिए। प्रत्येक अन्नको वालोलाई यस्तै प्रकारले हुनु थियो र प्रत्येक साना साना अन्नका दानाले भूमिमा जानै थियो। ठीक यही अन्न बलिको साथमा (बलिसँग) पनि थियो जो दर्शाउँद छ कि यो चंगा गर्नेवाला छ र त्यो यसको विकल्प बन्यो र उसले यी दुइटा सिद्धान्तहरूलाई (नियमहरू)को द्वारा हाम्रो मृत्युलाई लिएर हामीलाई जीवन प्रदान गरें। हाल्लीलुय्याह ! जब मसीह भित्र आइजान्छन्, तब जीवन भित्र आउँदछ, र मृत्यु एक तिर छेउ लाग्दछ। उ हिजो आज र युगानु युगसम्म एक़ समान छ। र जहाँ मृत्यु थियो, त्यहाँ जीवन आयो किन कि मसीह, जो कि अन्न बलि हो, भित्र आइसकेको थियो।

७९. अब ध्यान दिनुस्। वचनको एउटा पनि प्रतिछाया असफल भएको छैन। यस प्रतिछायाको एउटा पनि बन्धन असफल

भएको छैन। सबथोक सिद्ध किसिमले चिन्हीत छ। त्यो परमेश्वरद्वारा चुनिएको आराधनाको स्थान हो र परमेश्वरको नाम उसलाई दिइएको छ। त्यो परमेश्वरको वचन र परमेश्वरको नाम हो। उस परमेश्वर र परमेश्वरको वचन दुवै हो। त्यो देहधारी वचन थियो। त्यो परमेश्वरको वचन थियो, त्यो परमेश्वरको मेमना थियो, त्यो परमेश्वरको नाम थियो र त्यो परमेश्वर थियो। यही हो त्यो त्यो परमेश्वरको चुनेको (छानेको) आराधनाको स्थान थियो।

८०. र येशू मसीह भन्दा अरु सबै स्थानलाई परमेश्वर अस्विकार गर्दछन्। तपाईं उनको अन्त कहीं आराधना गर्न सक्नुहुन्न। उसले भनेको थियो, "यिनीहरू व्यर्थ नै मेरो उपासना गर्दछन् किन कि मानिसहरूको आज्ञाहरूलाई धर्मोउपदेश गरेर सिकाउँदछन्।" आज हाम्रा आफ्ना धार्मिक मत व रीति-रिवाज छन् र ती सबै कुराहरू जो यसले सिकाउँदैछ कि, "त्यो मार्ग (बाटो) हो, र त्यो मार्ग हो" गलत छ। येशूले भनेको थियो, "मार्ग र सत्य र जीवन म हुँ, म विना कोही परमेश्वरसँग जान सक्दैनन् (पुग्न सक्दैनन्) (अर्को शब्दमा, "भेडशाला (भेडा गोठ) को द्वार (ढोका) मनै हुँ, परन्तु जो कोही द्वारवाट भेडा गोठमा प्रवेश गर्दैन, त्यो चोर र डाकु हो।" त्यो मात्रै एक मात्र द्वार हो। त्यो द्वार हो। त्यो बाटो हो, त्यो सत्य हो, त्यो जीवन हो, त्यही केवल एक मात्र प्रवेशद्वार हो। केवल एउटै स्थान छ। केवल एउटै मात्र नाम छ। सवथोक येशू मसीहसँग बाँधिएको छ। र आज मण्डली पनि उसको वचनको आ ज्ञाहरूकोद्वारा वाँधिएको छ।

कुनै अर्को नाम छँदै नै छैन। या कुनै अर्को स्थान छँदै नै छैन जहाँ परमेश्वरले इन्सानसँग भेट गर्ने वाचा गरेको होस्। केवल येशू मसीहमा नै उ इन्सानसँग भेट गरेको छ। त्यही उसले छानेको आराधनाको स्थान हो।

८१. ध्यान दिनुस्, परमेश्वरले आफ्ना उपासकहरूसित यसै स्थानमा भेट गर्ने प्रतिज्ञा गरेको छ, र यो उसको आफ्नो चुनावबाट हो, हाम्रो चुनावबाट होइन, हाम्रो सोचबाट होइन वरन उसको सोचबाट हो। उसको चुनावबाट हो। र यो त्यो स्थान हुनेछ जहाँ उसले आफ्नो नाम राख्नेछ, जसलाई उ आफ्नो नाम राख्न हेतु चुन्ने छ। अत: हामीले देखि सकेका छौं कि कहाँ अरुको नाम थियो, उसले के चुनेको थियो - आफ्नो नै चुनावको द्वारा।

८२. अब यो छ कि हामीले त्यो ठाउँ खोजी सकेका छौ जहाँ उसले आफ्नो नाम राखेको छ (यो येशू मसीहमा छ।) अरु कुनै अर्को ठाउँ छँदै छैन या कुनै अर्को नाम छैन ...... के तपाईं यसवाट सन्तुष्ट हुनुहुन्छ ? त्यसो भए भन्नुस् (आमीन्)" (मण्डली उत्तर दिन्छ- "आमीन"-सम्पा) अब यसको विषयमा यही हो, के हामीले देखीसकेका छौं कि कहाँ त्यो स्थान छ .. कहीं अन्त आराधना स्थल ग्रहण गरींदैन, केवल मसीहमा नै आराधनास्थल ग्रहण गरिन्छ। तपाईं प्रायश्चित गर्न सक्नु हुन्न, तपाईं त केवल क्षमा मागिरहनु भएको छ। पतरसले भनेको थियो ... पिन्तेकुस्तको दिन जब उनीहरूले ति सवैलाई अन्य अन्य भाषाहरूमा बोल्दै गरेको देखे र महान चिन्हहरू र आश्चर्य कर्महरूलाई हुँदै गरेको देखें तब उनी हाँस्न थाले (यस्तो

तथा कथित चर्चले गरेको थियो) र भन्यो, "यी मानिसहरू त नयाँ रक्सी (मदिरा)को नशामा छन् । यिनीहरू त रक्सी पिएका मानिसहरू जस्तो व्यवहार गरिरहेका छन् ।" त्यो कुमारी मरीयम ती सबै मिलाएर एक सय बिस थिए । र उनीहरू रक्सी खाएका (पिएका) मानिसहरू जस्तै लडखडाई रहेका थिए र अन्य अन्य भाषामा वोलिरहेका थिए र उनीहरू यसो गर्दै गइरहेका थिए । र उनीहरूले भने, "यी मानिसहरू त नयाँ मदिराको नशामा छन् ।

८३. परन्तु पतरस उठेर उभियो, र बोल्यो, "हे मानिसहरू र भाईहरू, जस्तो तिमी सम्झी राखेका छौं, यिनीहरू नयाँ रक्सीको नशामा छैनन्, किन कि अहिले त दिनको पहिलो पहर नै छ । परन्तु यो त्यो कुरो हो, जुन योएल भविष्यको द्वारा भनिएको थियो, कि अन्तका दिनहरूमा यस्तो हुनेछ, कि म आफ्नो आत्मा सबै मानिसहरू माथि खन्याई दिनेछु र तिम्रो छोरा र छोरीले भविष्यवाणी गर्नेछन् । म आफ्ना दाश र दाशीहरू माथि पनि आफ्नो आत्मा भित्रबाट खन्याउने छु । र म माथि आकाशमा अद्भूत काम र तल धरतीमाथि चिन्ह अर्थात् रगत (लहू) आगो र धुवाँको बादल देखाउने छु । यो परमेश्वरका ठूला र भयंकर दिन आउनु भन्दा पहिले हुनेछ र जसले प्रभुको नाम लिनेछ, उसैले उद्धार पाउनेछ ।"

८४. जब उनीहरूले यो सुने, तव उनीहरूको हृदय छेडियो र उनीहरू सोध्न थाले, "हे भाईहरू, हामी के गर्न सक्दछौं हामी के गरौं ।"

८५. पतरसले भन्यो, मन फर्काउ र तिमीहरूमा हरेक आफ्नो आफ्नो पापहरूको क्षमाको लागि येशू मसीहको नामबाट वपतिस्मा लियौं, भने तिमीले पवित्र आत्माको दान पाउने छौ किन कि यो प्रतिज्ञा भविष्यमा आउनेवाला सबै पिढींहरूको लागि गरिएको छ।"

८६. अब हामीले यसलाई देखिसकेका छौं। अब हामी यो हेर्न चाहन्छौं कि हामी त्यसमा कस्तो प्रकारले सामेल हुन सक्छौं। कस्तो प्रकारबाट हामी यस आराधनाको स्थानको अंग बन्न सक्दछौं ? पहिला कुरिन्थिहरूको १२ वाँ अध्याय यसको विषयमा फैसला गर्दछ। "एउटै आत्माद्वारा" एउटा चर्चको द्वारा होइन, एउटा धार्मिक मतको द्वारा होइन, एउटा पुरोहितको द्वारा होइन तर एउटै आत्माको द्वारा हामी सबैले एउटै शरीमा वपतिस्मा लियौं, जुन कि येशू मसीहको देह हो र प्रत्येक वरदानलाई अंगहरूको अनुसार देह (शरीरमा) राखियो। जी हो, श्रीमान ! न कुनै धार्मिक मतमा सामिल भएकाले न त धार्मिक मतहरूलाई उच्चारण गर्नाले, न उफ्रनु-कुद्नुले, न हात हल्लाउनाले या जे सुकै यस्तो गर्नाले तर नयाँ जन्मको द्वारा हामीले येशू मसीहको शरीरमा वपतिस्मा लिएका छौं। आमीन ! एउटै पवित्र आत्माको द्वारा सबैले एउटै देहमा वपतिस्मा लिएका छौं। र यो शरीर के हो ?

"आदि (शुरु) मा वचन थियो र वचन परमेश्वरसँग थियो र वचन परमेश्वर थियो र वचन देहधारी भयो र हाम्रो माझमा डेरा गऱ्यो ..."

८७. यस्तो कसरी हुन सक्छ कि हामी उसको शरीरमा होउँ र उसकै एउटा वचनलाई इन्कार गरौं या उसलाई एकातिर सारी दिउँ । यदि हामी यसो गर्छौं हामी उसको देहमा छैनौं । हामी यस्तो कसरी गर्न सक्छौं ?

८८. परमेश्वरले छानेको स्थान माथि ध्यान दिनुस् । र जब तपाईं सच्चाई सँग त्यसमा वपतिस्मा लिनुहुन्छ, भने यसको साँच्चो प्रमाण यो हो कि तपाईं उसलाई विश्वास गर्नुहुन्छ वचनलाई विश्वास गर्नुहुन्छ । यो कसरी हुन सक्छ, तपाईं उसको अंग भएर तपाईं नै उसलाई इन्कार गर्ने ? यो कसरी हुन सक्छ, कि मेरो आफ्नो हात नै मेरो हात होइन भनेर इन्कार गर्ने ? यदि म यसो गर्छु भने म मा दिमागी किसिमले केही गडवडी छ तव न म आफ्नो खुट्टालाई इन्कार गरौंला । यी विश्वासीहरूसँग आत्मीक रुपवाट पक्कै केही गडवडी पाइन्छ कि यिनीहरू परमेश्वर द्वारा प्रतिज्ञामा भनुन्, कुनै वचनलाई इन्कार गर्दछन् यी नामका विश्वासीहरूमा आत्मीक रुपबाट पक्कै कहीं कहीं गडवडी पाइने गरिन्छ ।

८९. तपाईं उसको एउटा पनि अक्षरलाई इन्कार गर्न सक्नुहुन्न । किन कि तपाईं उसको अंग बनिसक्नु भएको छ । तपाईं उसको अंग हुनु हुन्छ किन कि पवित्र आत्माको द्वारा तपाईंले यसमा वपतस्मिा लिनु भएको छ, जो तपाईंलाई येशू मसीहको अंग बनाउँदछ ।

९०. कया सानदार कुरो छ । परमेश्वरसँग मानिससँग भेट्नेलाई एउटै निश्चित स्थान थियो उसले अब्राहीमसँग भेट गरेको

थियो र अब्राहीमले त्यहाँ आराधना गरेको थियो। पुरानो नियममा यो सबै ठाउँमा पाइने गरिन्छ। र उसले प्रतिज्ञा गरेका वचन कोई अनुवाद, उसको द्वारा तिमीमा हुनेछ। के तपाईंले यसलाई सम्झनु भयो ? वचनका यस दिनमा, जसमा कि तिमी रहिरहेका छौ, पुरा होस् भन्ने प्रतिज्ञा उसले गरेको थियो - तिमी परमेश्वरको लिखित पत्रिका (पत्रियाँ) हुनेछौं, जुन सबै मानिसहरूद्वारा पढिनेछ (पढ्न सकिनेछ)। त्यो होइन जसलाई तिमी दावा गर्दछौ, परन्तु परमेश्वरद्वारा तिमीमा भएर गरिएको त्यो काम, तिम्रो कुनै पनि दावा भन्दा जसलाई किन तिमी भन्न सक्दछौ, कहीं धेरै सारोसँग वोल्नेछ। परमेश्वरले भनेका थिए, "विश्वास गर्नेवालाहरूसँग यो चिन्ह हुनेछन्।" यो तिमीमा भएर वोल्दछ।

९१. उसले यस युगको लागि भनेको थियो, कि अव के के हुनेछ। यस युगका विश्वासीले यसलाई विश्वास गर्नुपर्छ, कि उसले आजको लागि के प्रतिज्ञा गरेको थियो। ठीक त्यस्तै नै, जस्तो कि उनीहरूलाई बाँच्नको लागि नाव (डुँगामा) आउनु पर्ने थियो, वची रहनको लागि उनीहरूलाई मिस्रबाट बाहिर निस्कनु पर्दथियो अव उनीहरूले बचीरहनको लागि मसीहमा आउनु पर्दथियो वचनको सन्देशमा आउनु पर्ने, किन कि उ हिजो, आज र युगानुयुग एकै जस्तो छ।

९२. हामी यसमा कसरी आइजान्छौ ? वपतिस्माको द्वारा। कसको वपतिस्माको द्वारा, के जल (पानीको) वपतिस्माको द्वारा हामी यसमा आउन सक्छौं ? पवित्र आत्माको

वपतिस्माको द्वारा नै हामी यसमा आउँदछौं। एउटै आत्माको द्वारा हामी सबैको यस एउटा देहमा वपतिस्मा भएको छ।

९३. र उसको प्रतिज्ञा गरिएको वचन उ गर्ने छैन तपाईले यस अनुवाद गर्नुपर्ने छैन, परन्तु उ पनि तपाईंमा भएर यसको अनुवाद गर्नेछ। तपाईं के गरिरहनु भएको छ जुन उसले गर्ने प्रतिज्ञा गरेको थियो। त्यो चर्च या मण्डली जो उसको अनुकरण गर्नेछ, त्यो अत्यधिक उसको जस्तै हुनेछ कि मानिस उसलाई थाहा पाउने छन्। पतरसयूहन्नालाई हेर्नुस्, उसले सुन्दर भनिनेवाला दैलो आँगनमा एउटा व्यक्तिलाई चंगा गर्ने विषयमा प्रश्नोत्तर गरेको थियो। उनीहरूले भने कि जुन ति पुरोहितहरूले गरेका थिए, हामीले सम्झी (बुझी) सकेका छौं। ती दुवैले अशिक्षित व अज्ञानी थिए, परन्तु उनीहरूले ध्यान दिए कि उनीहरू येशू सँगै थिए। यस्तो किन थियो? किन कि उनीहरू ति कामहरूलाई गरिरहेका थिए, जसलाई येशूले गरेका थिए।

९४. उसले आफ्ना पिताको कामहरूलाई गर्नु पर्ने थियो । र आज ठीक त्यस्तै हुनु पर्छ।

९५. अव, याद रहोस्, उ हिजो, आज र युगानुयुग एक समान छ। परमेश्वर तिमीसँग त्यसमा भेट गर्दछन् केवल एउटै स्थान छ, जसलाई उसले आफ्नो नाम राख्नको लागि चुनेको हो (छ) त्यो येशूमा छ। येशू नै परमेश्वरको नाम हो। याद रहोस्, पिता, पुत्र पवित्रमात्मा 'येशू मसीह' नामको उपाधिहरू हुन्।

९६. मत्तिमा भनिएको छ, "सबै जातिहरूमा गएर उनीहरूलाई आज्ञाहरू मान्न सिकाउ, उनीहरूलाई पिता, पुत्र र पवित्रआत्माको नाममा वपतिस्मा देउ" ..... आज यसको अति गलत अर्थ निकालि सकिएको छ र मानिस भन्दछन्, "पिताको नाममा, पुत्रको नामामा पवित्रआत्माको नाममा वपतिस्मा देउ ।" जब कि यस्तो लेखिएको पनि छैन ।

यो पिता, पुत्र, पवित्रआत्माको नाम एक वचनमा छ । पिता कुनै नाम होइन, पुत्रको नाम छैन, यो त केवल उपाधिहरू छन् । दशदिन पछि पतरस उठेर बोल्यो, "मनलाई फर्काओ र तिमीहरू हरेकले आफ्नो आफ्नो पापको क्षमाको लागि मसीहको नामबाट वपतिस्मा लेओ ।" त्यसो भए के उसले त्यो गरेको थियो, जुन येशूले उसलाई गर्नको लागि भनेको थिएन । उसले त्यही गऱ्यो जो उसलाई गर्नु भनिएको थियो । पिता, पुत्र र पवित्रआत्माको नाम प्रभु येशू मसीह हो ।

९७. नयाँ नियम (New Testament) मा प्रत्येक व्यक्तिलाई प्रभु येशू मसीहको नाममा नै वपतिस्मा भएको छ (हो) पूरा वाइबलमा एउटा पनि यस्ता व्यक्ति छैनन्, जसको वपतिस्मा पिता, पुत्र र पवित्रआत्माको उपाधिहरूमा कहिल्यै भएको होस् । यो कहिले पनि त्यसवेला सम्म अस्तित्वमा आएन, नीसियामत, जवसम्म यसलाई नीसिया सभा, रोममा घुसाईएको थिएन । यो कैथोलिक चर्चको नै आदेश थियो, जो ठीक यही कुरो तालिम (Catechism) मा प्रमाणित गरिईसकेको पाइन्छ । मैले यसलाई देखेको छु । (यो सही कुरो हो) हाम्रा विश्वासका आधार र यस्तै नै

धेरै कुराहरू यो पुरै किसिमले रोमन कैथोलिक मत हो। उनीहरू तपाईंलाई बताउने छन् कि यो बाइबलमा छैन परन्तु उनीहरू भन्दछन्, कि पोपको कारण तालिममा यस सँग सहमत छु। येशू मसीह हिजो, आज र युगानुयुग एकै समानमा छन्। र येशूले भनेका थिए, "जुन यस बाइबलमा एक शब्द निस्कियोस् या यसमा एक शब्द जोड्यो भने त्यसको भाग जीवनको पुस्तक भित्रबाट निकालिदिइने छ।" एक शब्द, एक वाक्य या एक अवतरण कुरा त टाढा, एक शब्द पनि। जो एउटा निकालोस् ..... ।

९८. आदि (शुरुमा) परमेश्वरले आफ्ना मानिसहरूको किल्लाबन्दी वचनबाट गरेको थियो। एउटै वचनको अशुद्ध रचनाले एउटै वचनको मिलावटले हर एउटा मृत्यु, हर एउटा दिलको दौरा हर एउटा दुःख उत्पन्न भएको थियो। हब्बाले उसले कहिल्यै पनि एक वाक्यलाई उल्लघंन गरेको थिएन, उसले त केवल एक दुई शब्द जोडेको थियो। जब येशू पुस्तक (बाइबल)को मध्यमा आयो ........ ।

जब येशू पुस्तकको बिचमा आयो, भने उसले के भनेको थियो ? "लेखेको छ, मानिस केवल रोटीले मात्र होइन, परन्तु हर एक वचनबाट जुन परमेश्वरको मुखबाट निस्कन्छ, त्यसबाट जीवित रहने छ।" पुस्तकको अन्तमा, प्रकाशित वाक्यको २२ वाँ अध्यायको १८ वाँ पदमा जो कि बाइबलको बिलकुल अन्तिम भाग हो, येशू स्वयं भन्दछन्, म शपथ पूर्वक भन्दछु, "यदी कुनै मानिस यस पुस्तकबाट एक शब्द पनि निकाल्छ, या यसमा एक शब्द पनि बढाउँछ भने उसको भाग जीवनको पुस्तकबाट निकालिने छन्। किन कि यस्तो गर्नेवाला झूटा नवि हुन्, र उसले

मानिसहरूलाई पथभ्रष्ट गरेको छ र उनको रगत उसको हातमाथि हुनेछ।

९९. हामीले त्यही एउटा आराधनाको ठाउँलाई राख्नु पर्छ, जो कि येशू मसीह वचन हिजो, आज र युगानुयुग एकै समान (एकै जस्तो छ)। आमीन ! यो सत्य हो। याद रहोस्, उससँग भेट गर्ने कुनै अर्को ठाउँ छैन, आराधनाको कुनै अन्त स्थान नै छैन। परमेश्वरले यसलाई चुनेका छन्।

१००. युहन्ना, त्यहाँ पछाडि पुराना र नयाँ नियमको बिचमा दृष्टि गोचर हुन्छ (अब यसलाई ध्यान पूर्वक सुन्नुस् ! यसमाथि पूरा ध्यान दिनुस् !) युहन्ना, त्यो हमान उकाब एक दिन जंगलबाट उड्दै आउँदछ, उसका विशाल पखेटा फैलिएका छन्, उ यर्दन नदीको छेउमा उत्रन्छ एउटा महान उकाक भविष्यवक्ता, जसले पुराना नियम र नयाँ नियमको माझ सेतु (पुल) बनाएको थियो (बाँधेको थियो) र उसलाई उनीहरूले दाहिने र देब्रेबाट बोलाए। उ पश्चातापको दिनलाई पुकारी रहेको थियो। जब फारसी र सददूकी त्यहाँ आए तब उसले उनीहरूसँग भन्यो, "आफ्नो आफ्नो मनमा यो न सोच, कि हाम्रा पिता अब्राहिमको लागि सन्तान उत्पन्न गर्न सक्दछन्।" ओहो मेरो प्रभु ! जब उसले आफ्नो सन्देशलाई प्रचार गर्न शुरु गऱ्यो तब उ भनिरहेको थियो, "तिम्रो (तिमीहरूको) माझमा एउटा उभिएको छ, जसलाई तिमी चिन्दैनौ। मैले अहिले सम्म उसलाई चिनाएको छैन, परन्तु मलाई थाहा छ कि उ कहिले आउँदछ। म उसको जुत्ता फुकाल्न (फुकाल्ने) लायक पनि छैन, परन्तु उसले तिमीलाई पवित्र आत्मा र

आगोले वपतिस्मा दिनेछ। उसको सूप उसको हातमा छ र उ आफ्नो खलिहान (खलो) राम्रोसँग सफा पार्नेछ र भूसलाई त्यस आगोमा जलाइने छ।

१०१. सुसमाचारको यो महान उकाब त्यहाँ बसी राखेको थियो, उसले आफ्नो महान चेतावनीहरूलाई उद्घोषित गरयो र फोहर बाहिर निस्किएर आयो - या हेरो, त्इसवेलाको राजा अचाक्ली गर्ने वाला, जसले आफ्नो भाइको पत्निसँग विवाह गरेको थियो। र के तपाईं कल्पना गर्न सक्नु हुन्छ, सुसमाचारको त्यो महान उकाब त्यहाँ बसिराखेको थियो र यसमाथि चुप्पि तयार पारेका थिए।

ति मध्ये कसैले भनेको होला, "के तिमी अब विवाह र तलाक माथि (विषयमा) प्रचार गर्दैनौ, किन कि हेरोदले यसो गरेको छ।

१०२. उ हिंडेर सोझै उसको अगाडि गयो र बोल्यो, "यो तेरो लागि उचित होइन (छैन) कि तँ उससँग बस।" यो सही कुरो हो। यो के थियो ? यो त्यो उकाव थियो, जो जंगलबाट आएको थियो। उ कुनै मानिसको डर र कुनै नामधारी संस्थाका धार्मिकिहरूको अधिन प्रशिक्षित भएको थिएन, परन्तु उ त सर्वशक्तिमान परमेश्वरको सामर्थ्यको अघिन प्रशिक्षित भएको थियो, कि यो थाहा होस् कि के सही हो। उ मसीहको पहिचान थाहा पाउँद थियो। हाल्लिलूय्याह (यो शब्दको अर्थ हो, "हाम्रो परमेश्वरको स्तुति हवस् !" भयभित नहुनु, मैले अहिलेसम्म कसैलाई चोट (दुःख) पुऱ्याएको छैन, म जोशमा छैन। म ठीकसँग थाहा पाउन चाहन्छु कि म कहाँ छु। ओहो, जव म उसको

बारेमा सोच्दछु । त्यो महान उकाब त्यहाँ उडिरहेको थियो र ..... उसले भन्यो, “जब उ आउने छ, म त्यसलाई थाहा पाउने छु ।”

१०३. एक दिन उ त्यहाँ उभिएर प्रचार गरिरहेको थियो । पुरोहित या याजक अर्कोतिर थिए, उनीहरूले भने, “तिम्रो भनाई (मतलब) हो, कि त्यो समय आउँछ, जब नित्य प्रतिदिनको बलि समाप्त हुनेछ, यो भव्य मन्दिर जसलाई हामीले बनाएका छौं र सबै कार्यकलाप या रीति रिवाज जो हामीले बनाएका छौं, हाम्रो यो जो विशाल डिनोमिनेशन छ, सबथोक समाप्त भइजानेछ ।
उसले भन्यो, “त्यो समय आउँछ, जब यो सबथोक समाप्त गरिइनेछ ।”

१०४.र उसले चारैतिर हेऱ्यो, “हेर यो हो त्यो । यो हो परमेश्वरद्वारा चुनिएको (छानिएको) आराधनाको स्थान यो मेमना यो सोच्यो (वास्तविक) मेमना हो, जसले जगतको पापलाई उठाएर लैजान्छ ।” उसले यो भनेको थिएन, “यो मैथोडिस्ट आउँदछ, यो वैपटिस्ट आउँदछ, या कैथोलिक आउँदछ ।” बरु उसले भनेको थियो, “हेर, यो परमेश्वरको मेमना आउँदछ, जसले जगतको पापलाई उठाएर लैजान्छ ।” केवल एउटै सुरक्षाक्षत्र छ, जो कि परमेश्वरको मेमनेमा छ । उद्धार उसैमा छ । कुनै चर्च, कुनै धार्मिक मत या रीति रिवाज, कुनै मानिस, कुनै पादरी, कुनै आमा-या बाबु, कुनै पवित्रजन या कुनै पवित्रस्थानबाट उद्धार होइन-कसैबाट उद्धार होइन । यो त केवल परमपवित्र परमेश्वर प्रभु येशू मसीहको द्वारा हो, जहाँ परमेश्वरले

मानव जातिको पापहरूबाट मुक्तिको लागि आफ्नो नाम राखेको छ, जसले हामी पापीहरूको लागि दाम (मूल्य) चुकाएका छन् । त्यही केवल एक मात्र स्थान छ, जहाँबाट उद्धार पाइन्छ ।

१०५. त्यसै चट्टान, (पहरो) माथि म उभिएको छु। युहन्नाले उसलाई चिन्यो। उसले भनेको थियो, "मलाई थाहा छैन कि म उसलाई कहिले आउँदै गरेको हेरुँ। परन्तु त्यहाँ वाहिर, जहाँ मेरो शिक्षा-दिक्षा भएको थियो .... जस्तो उसका पिताले गरेको थियो, त्यसरी उ कुनै धार्मिक मतमा गएन गएको थिएन। न त कुनै याजकको जस्तो उ प्रशिक्षित भएको थियो, परन्तु जंगलमा जहाँ उ सर्वशक्तिमान परमेश्वरको धार्मिक शिक्षण संस्थामा प्रशिक्षित भएको थियो, परमेश्वरको वचनलाई प्रतिक्षा गरिरहेको थियो। त्यो कुनै मानिसहरूको केही समूहद्वारा वनाइएको कुनै काल्पनिक कुराको होइन, तर त्यस कुराको बाटो हेरीरहेको थियो, जसको विषयमा परमेश्वरले भनेका थिए - उ परमेश्वरको वचनको प्रतिक्षा गरिरहेको थियो । र जव युहन्नाले माथि आकाशमा हेऱ्यो, उसले आत्मालाई आउँदै गरेको देख्यो, उसले भन्यो, "म सँग यसको प्रमाण छ कि यो त्यही हो।" आहो मेरा खुदा ! यो तपाईंको आराधनाको स्थान हो। यो परमेश्वरको मेमना हो, जसले जगतको पापलाई उठाएर लैजान्छ। कुनै चर्च होइन, कुनै धार्मिक मत होइन या अन्य कसैले पनि होइन तर परमेश्वरको मेमना नै, जगतको पापहरूलाई उठाएर लैजान्छ ।

१०६. देख्यौ, युहन्नाले यसलाई कस्तो ठाउँ दिएको छ ? उसले यो भनेको थिएन, "तिमी फरीसीहरू ठिक छौ, तिमी सिद्दिकियो(हरू) या हेरोदसका मानिसहरू ......" उसले भनेको थियो, "मेमना हो। यो आस्था हो। यस सँग नाम छ। यही यो एउटा हो। स्वर्गको तल अरु कुनै अर्को नाम छैन।"

१०७. अव हेर्नुस् कि येशूले युहन्नाको विषयमा के भनेका थिए। एक दिन युहन्नाले आफ्ना चेलाहरूलाई उ भएको ठाउँ यो हेर्नलाई पठायो कि उ के गरी रहेको छ। येशूले उसको लागि भने, "त्यो महान व चम्कीरहेको उज्यालो उनीहरूलाई सही वाटो देखाउनको लागि थियो ताकि उनीहरू उसको आदम माथि उसको पहिलो आदममा उसको पछाडि हिंड्न सकुन्।" यसलाई ध्यानसँग सुन्नुस्। तपाईं यसलाई सुन्न न विर्सनुस् (न चुक्नुस्) येशूले भनेका थिए, युहन्ना त्यो उज्यालो थियो, मलाको ३:१ यसमा कुनै सन्देह छैन। भविष्यदूता महान उज्यालोको साथ थियो उ नै केवल एउटा यस्तो थियो, जसले येशूलाई मेमनेको रुपमा चिनाएको थियो। अन्य सवै मेमने जसलाई ती याजकहरू लागिरहेका थिए र अन्य सबै वस्तु व्यर्थ थिए। उ मेमना थियो। त्यो मानिस महान चम्की रहेको प्रकाश सँग-सँगै थियो कि ..... येशूले भने कि त्यो के थियो। मलाकि ३ भन्दथियो, "हेर, म आफ्नो दूतलाई पठाउँदछु, र त्यो वाटो मेरो अगाडि देखिने छ।" र एउटा जसलाई बाटो बनाउनको लागि पठाईएको थियो, उसले नै उसको स्थानको पहिचान गरायो।" यही हो त्यो : यसमा कुनै दोष छैन, यही हो त्यो। म उसको चिन्हलाई हेर्दछु। मलाई

थाहा छ कि यो त्यही नै हो, म स्वर्गबाट ज्योतिलाई प्रकट हुँदै गरेको र त्यसमाथि बस्दै गरेको देख्दछु।" उ पूर्ण आस्वस्त थियो कि यो त्यही हो।

१०८. अब मेरा भाई, म अन्तमा तपाईंसँग केही सोध्न चाहन्छु। हामी भन्न सक्दछौं मलाकी ४ मा के हामीसँग एउटा अर्को उकावको प्रतिज्ञा गरिएन। एउटा प्रकाशको खाँवो आउनेछ र सच्चाईसँग टाढा भाग्दै चर्चहरूलाई देखाउने छ, कि त्यो येशू मसीह हिजो आज र युगानुयुग एकै समान छ, हिब्रु १३:८ मा हमीसँग प्रतिज्ञा गरिएन, कि एउटा अर्को उकाव जंगलवाट उड्दै आउने छ। आमीन ! यो एकदमै सही कुरो हो। यो लूका १७:३० कति अनुकूल र मस्त खाँदै गरेको छ, जहाँ मानिसको पूत्र आराधनाको अन्य सवै ठाउँहरूलाई सुन्नामा ल्याउनको लागि स्वयंलाई प्रकट गरिरहेको छ।

१०९. परमेश्वरले आफ्नो स्थान छानेका (चुनेका छन्)। यहुन्नाले भन्यो, "त्यही हो त्यो " तव हामीसँग मलाकी ४ को अनुसार ठीक यी सवै कुराहरूको त्यस दिनको लागि प्रतिज्ञा गरिएको छ, पुत्रहरूको मनलाई पितृहरूको तर्फ फर्काउन ताकि उसले यो भनोस् कि उ (येशू मसीह) मृत छैनन्, यी सवै कुरा कुनै अन्य युगको लागि होइन, यी सवैकुरा कुनै अन्य युगको लागि थिएन, तर यो अहिले पनि त्यस्तै नै छ यो हम्रो लागि पनि हो। आमीन ! अन्तको दिनहरूको उकाव के गर्नेछ ? उसले देखाउने छ कि आराधनाका अन्य सवै स्थान मूर्खता हो नामधारी चर्च

मूर्खता हो । उ देखाउन छ कि (येशू मसीह) हिजो आज र युगानुयुग एकै समान छ, हाल्लिलूय्याह ।

११०. प्रकाशितवाकय ४:७ मा चार प्राणी (जनावर) दिइएका छन्। हामी यिनीहरूलाई एक छिन मात्र (केही बेरको लागि) देख्ने छौं । हामी देख्दछौं पहिलो प्राणी (प्राण भएको) सिंह (शेर) थियो । त्यो पहिलो ज्यान भएको (जनावर थियो), जो त्यस लडाईंलाई चुनौति स्विकार गर्नको लागि आएको थियो उ यहूदाको गोत्रका सिंह हो । त्यसपछि अर्को जानवर आउँदछ । र हामी देख्दछौं कि अर्को जनावर बाछो थियो, जुन बोझ (भारी) बोक्ने बलियो प्राणी हो । यो रोमन चर्चको समयमा आएको थियो जब सच्चा चर्चहरू माथि अत्याचार भईरहेको थियो, उसलाई पिटीरहेको ( मारिंदै) थियो तब यो बलियो प्राणी प्रकट भएको थियो । यस पछि मानिस आयो यस प्राणीको मुख मानिसको जस्तो थियो । परन्तु अन्तिम जानवर उड्नको लागि थियो । अन्तिम प्राणी जो आउनेवाला थियो, उसको वारेमा पवित्रशास्त्रमा भनिएको छ कि त्यो उड्नेवाला उकाव हो । हाल्लिलूय्याह । र भविश्यदूताले भन्यो, यी दिनहरूमा उज्यालो हुनेछ ।

१११. एक दिन सुधारकहरूको थियो । एक दिन एउटा छायाको नाई थियो, जसलाई दिनमा रात भन्न सकिन्न । परन्तु साँझको वेला उकावको वेला (समय) .....
साँझको वेला उज्यालो हुनेछ,
महिमा प्राप्त गर्ने बाटो तपाईंलाई अवश्य मिल्नेछ ।
...... दफ्न (गाडिऔं) येशूको नाममा

जवान र बुजुर्ग गर आफ्ना सबै पापको पश्चाताप,
तब तिमी भित्र पवित्र आत्माको वपतिस्मा हुने छापकै
किन कि साँझको प्रकाश आईसकेको छ,
यो सत्य हो कि परमेश्वर र मसीह एउटै हुन्।
आमीन ! साँझको बेला उज्यालो हुनेछ। परमेश्वलले चुनेको आराधनाको केवल एउटै स्थान छ।

११२. यो सन्देशको के को लागि आउँछ ? उ के गर्न गईरहेको छ ? "र उसको समयमा साँझको समयमा उज्यालो हुने छ।" अरु के ? जुन आगाको स्तम्भले इस्रायलका केटाकेटीहरूलाई जंगलमा मार्गदर्शन गरेको छ, त्यही आगाको स्तम्भ तिनै चिन्हहरूको द्वारा आफ्ना केटाकेटीहरूलाई स्वागत फिर्ता घरमा सँच्चा प्रतिज्ञा देशमा आउनको लागि, उनीहरूको मार्गदर्शन गरिररहेको छ। परमेश्वरले चुनेको आराधनाको स्थान येशू मसीह हुन्। यही एक मात्र स्थान हो। यही एक मात्र नाम हो, जसलाई परमेश्वरले उद्धारको लागि दिएका हुन्। यही त्यो नाम हो, जसलाई उसले स्वर्गमा पालिएका परिवारहरूलाई दिएको हो, जव कि उ (त्यो) पृथ्वीमाथि येशू मसीह छन्।

११३. ओहो मण्डली ओहो मानिसहरू, पापी मित्रहरू कुनै अन्य दोश्रो चिजमा विश्वास नगर, तर येशू मसीह माथि विश्वास गर। कुनै पनि प्रचारक माथि विश्वास नगर्नुस्। कसैमाथि पनि विश्वास नगर्नुस्, कि उसले तपाईंलाई वचाई दिनेछ। कुनै चर्चमा, कुनै धार्मिक मत, कुनै नामधारी चर्चमा विश्वास न गर्नुस्, केवल मसीह येशूमा

विश्वास गर्नुस्, किन कि उ यस समयको उज्यालो हुन् ।
आउनुस् हामी आफ्नो शिरलाई निहुर्‍याउँ ।

साँझको बेला उज्यालो हुनेछ
महीमा प्राप्न गर्नलाई ........

११४. ओहो भाईहरू र वहिनीहरू, यदि तपाईंहरूले अहिले सम्म प्रायश्चित गर्नुभएको छैन, यदि तपाईंले अहिलेसम्म येशू मसीहको नाममा वपतिस्मा लिनु भएको छैन, भने के तपाईं आज राती देखि नै यसो गर्न शुरु गर्नु हुनेछ , के तपाईं परमेश्वरलाई यो स्थान प्रदान गर्नुहुनेछ, तिम्रो स्वागत त्यस स्थानमा होस्, जहाँ तपाईं उसको आराधना गर्न सक्नु हुन्छ। याद रहोस्, यसको वाहिर (यो भन्दा वाहिर) कुनै स्थान छैन, जहाँ परमेश्वरले तपाईंसँग भेट गर्नलाई पापका आराधनाहरूलाई ग्रहण गर्ने प्रतिज्ञा गरेको होस् ।

११५. तपाईं भन्नुहुन्छ, “भाई ब्रान्हाम, म त सारै निस्कपटतापूर्वक आराधना गर्दछु .....” यस्तो कैनले पनि गरेको थियो। उसले पनि ठीक यस्तै नै प्रसाद चढाएको थियो जस्तो हाविलले चढाएको थियो, परन्तु भेट गलत थिए। हुन सक्छ, तिमी चर्च जान्छौ र आफ्नो आयको दशवाँ अंश दिन्छौ र तपाईं आफ्नो कर्तव्यलाई पालन, एउटा मसीहको जस्तो जति निस्कपटाले स्त्री या पुरुषले गर्नुपर्ने हो गर्दछौं। अब मलाई यस शहरमा उभिएको लगभग तीस वर्ष भैसकेको छ र मैले ठीक यसै सन्देशलाई कस्सी-कस्सी कराई-कुराई प्रचार गरेको छु। परन्तु याद

रहोस्, मेरो आवाज (बोली) न्यायको दिनको लागि रिकार्ड भैसकेको छ, र त्यसदिन यो तिम्रो विरोधमा बोल्नेछ ।

११६. केवल एउटै स्थान छ, जहाँ परमेश्वरले आफ्नो नाम राखेको छ र यो कुनै चर्चमा होइन तर येशू मसीहमा छ । केवल एउटै आराधनाको स्थान छ, एउटै स्थान छ, जहाँ तपाईंलाई ग्रहण गरीन्छ र यो स्थान अति प्रिय, येशू मसीह हुन् । स्वर्गको तल र मानिसहरूको माझ कुनै अर्को दोश्रो नाम दिइएको छैन, जसलाई हाम्रो चिजबाट होइन, तर येशू मसीहबाटै उद्धार छ । र सम्भवतः यही यस समयको सन्देश हो - पुत्रहरूको मनहरूलाई त्यस विश्वासको तर्फ फर्काइयोस् जुन सन्तहरूलाई एकै पटकमात्र दिइयो । के आज राती तपाईं यसलाई ग्रहण गर्नुहुन्छ ।

११७. र जबकि हामीले आफ्ना शिरहरू झुकाई (निहुराई) राखेका छौं र जो यिनीहरू चाहन्छ कि उनीहरूलाई प्रार्थनामा याद गरियोस्, के तपाईं आफ्ना हातहरूल ाई माथि उठाउनु हुन्छ (हुनेछ) । हामी सबैलाई मञ्चमाथि वोलाउन सक्नु हुन्न, किन कि उनीहरूको हातहरू माथि उठेका छन् ।

११८. परमेश्वर तपाईंलाई आशीषित गरुन् । मेरो देब्रे हातको तर्फ तीन सय मानिसहरूले आफ्ना हातहरूलाई माथि उठाएका छन् । अब मेरा दाहिने हात तर्फका मानिसहरू, के तपाईंहरू आफ्ना हातहरूलाई माथि उठाउनु हुनेछ र भन्नु हुनेछ, “म चाहन्छु, कि मलाई याद गरियोस् (सम्झीयोस्) । मेरो अनुमान छ कि मेरो दाहिनेतर्फ करिव

एक सय पचास या यो भन्दा पनि केही बढी मानिस छन् । हामीसँग यहाँ यस आराधनालयमा पानीको एउटा सारै ठूलो तलाब (पोखरी) दह छ । पास्टर एउटा उत्तम पास्टर, भाई ओमन नेविल व उनका सहयोगीजन यिनीहरू मानिसहरू हुन् जो यहाँ छन्, जसलाई तपाईं देख्नु हुन्छ र भेट्नुहुन्छ ..... प्रत्येक दिन प्रत्येक रात, प्रत्येक घण्टा, ति मानिसहरू जसले मरिसकेको कामहरूबाट मन फर्काए र वपतिस्मा लिन चाहन्छन्, यो तलाब (पोखरी) सँधै नै तपाईंको प्रतिक्षा गर्दछ। र यदि तपाईं यस आज्ञालाई पालन गर्नुहुन्छ, यदि तपाईं आफ्नो हृदयमा निस्कपट हुनुहुन्छ भने, तपाई परमेश्वरको प्रतिज्ञाद्वारा विश्वस्त हुनुस् कि तपाईंलाई पवित्रआत्माको वपतिस्मा प्राप्त हुनेछ ।

११९. यही केवल एक मात्र आराधनाको स्थान हो। यो कुनै आराधनालय (मन्दिर)मा होइन, तर येशू मसीहमा छ। हामी त्यसमा कसरी स्थान पाउन सक्दछौं। एकै आत्माको द्वारा हामी सबैलाई यस देशमा वपतिस्मा भएको छ। आउनुस् हामी दुआ गरौं ।

१२०. प्यारा प्रभु, जसरी कि यी हात माथि उठेका छन्, यसको अभिप्राय यो हो कि यिनीहरूको हातको तल हृदयमा के थियो। एउटा दृढ विश्वास, कि उनीहरू विश्वस्त छन्, कि उनीहरूलाई तपाईंको सहायताको आवश्यकता छ। पिता, म यिनीहरू प्रत्येकको लागि प्रार्थना गर्दछु। र म तपाईंको वचन भित्रबाटै उल्लेख गर्न गईरहेको छु। तपाईंले भन्नुभएको थियो, “जो मेरो वचन सुनेर, मलाई पठाउनेवालालाई प्रतिति गर्नुहुन्छ, अनन्त जीवन उसको हो

र उसमाथि दण्डको आज्ञा हुँदैन, परन्तु उ मृत्युबाट पार भएर जीवनमा प्रवेश गरी सकेको छ। पिता, यस शहरबाट केही हप्ताको लागि बाहिर गएपछि, जब फर्किए, आए, तब यसको विषयमा सोधे, "किन उनीहरू गए ?"
"ठीक छ, उनीहरूको बारेमा के ... ?
उनीहरू गै सकेका छन् ?"

१२१. प्यारा प्रभु, एक एक गरेर हामीलाई बोलाईएको छ। एक एक गरेर हामीले मृत्युको छायाँको घाँटी हुँदै जानुछ र त्यो चुनौति स्वीकार गर्नुछ। र यो यसैको लागि हो, किन कि हामी सबै विनाशी छौं। परन्तु आज राती तपाईंले हामीलाई एउटा अनुरोध प्रदान गरेको छ कि यदि हामी त्यो येशू मसीह माथि विश्वास गर्दछन् र उसको नामबाट वपतिस्मा लिन्छन्, भने तपाईं हामीलाई यसमा यस देशमा लिनुहुनेछ, मसीहको देहमा लिनु हुनेछ, यस देहलाई पहिले देखि नै न्याय भै सकेको छ। उसले न्यायको सामना गर्नुपर्ने छैन। परमेश्वरको सिर (क्रोध) त्यस देहमाथि भडकने छैन र यो देह पापवाट मुक्त छ। र त्यसमा भएको कारण, हामी उसको अनुग्रहको द्वारा, जो हाम्रो लागि मरेको छ, हामी पापवाट मुक्त भैजान्छौं। र त्यहाँ हाम्रो एक अर्कासँग संगती हुन्छ। जब कि येशू मसीह, परमेश्वरका पुत्रको रगत हामीलाई सबै पापहरू र अवगुणहरूबाट शुद्ध गर्दछ।

१२२. पिता परमेश्वर, म प्रार्थना गर्दछु कि तपाईं यिनीहरू प्रत्येकलाई तपाईंलाई राज्यमा लिनु हुनेछ। प्रभु तपाईं यो प्रदान गर्नुस् । हुन पावस् कि यिनीहरूवाट एउटा पनि

नाश हुन नपावस्। कुनै पनि केटा-केटी, पुरुष महिला कोही पनि नाश हुन न पाउन्। खुदावन्द, मेरा आफ्ना केही मानिस पनि, आज राती पनि यस रगतको बाहिर पाइन्छन्। म आफ्ना पिताको शब्दहरूलाई राम्रोसँग याद गर्न सक्दछु। र म प्रार्थना गर्दछु, प्यारा प्रभु, हुन पावस कि ती मध्ये कोही पनि नाश हुन न पाउन। प्रभु यो प्रदान गर्नुस्। अब म तपाईंमाथि पूरा विश्वासको साथ, जति विश्वाससँग मैले विश्वास गर्नुपर्ने गरिरहेको छु।

१२३. मेरा भाई, बहिनीहरू, मेरा मित्र जो आज राती यहाँ छन् जसले यसलाई टेलीफोन मार्फत् सुनिरहेका छन्, तथा विभिन्न प्रान्तहरू र सवै स्थानहरूमा, पश्चिमी किनारदेखि उत्तरी किनारासम्म, यस सन्देशलाई सुनिरहेका मानिसहरूको लागि। म प्रार्थना गर्दछु कि, प्यारा प्रभु, यहाँबाट टाढा रेगिस्थानमा, यहाँ टक्सनमा, टाढा कैलीफोर्नियामा, माथि नेवेडा र पहाडहरूमा, सूदूरपश्चिम र त्यसका वरिपरीको क्षेत्रमा त्यहाँ तल टक्सानमा जब कि यो निमन्त्रण दिइएको छ मानिस यस सानो चर्चमा वसीराखेका छन्, ठाउँ-ठाउँ र घरहरूमा बसेर यसलाई सुनिरहेका छन्, र प्यारा प्रभु हुन पावस कि पुरुष, या महिला, केटा या केटी व सवै जो वर्वादीमा छन् उनीहरू यसवेला तपाईंसँग (भएको ठाउँमा) आउन। प्रभु तपाईं यो अहिले प्रदान गर्नुस्। हामी यसलाई येशूको नाममा माग्दछौं। जव कि अहिले बेला छ, उनीहरूले समय छँदै यस स्थानलाई पाउन। किन कि हामी पर्खालमा हात लेख देख्दछौं। हाम्रो देशको एक भाग डुबिरहेको छ, र अर्को भाग भूकम्पबाट भत्किरहेको छ, विघटीत भईरहेको छ,

जस्तो येशूले कवोल गरेका थिए, कि यस्तै हुनेछ, र त्यस्तै भईरहेको छ प्रभु, केही यस्तो नहोस् कि उनीहरूको लागि धेरै अबेर भै जाओस्। हुन पावस् कि उनीहरू सवैले यसलाई ग्रहण गरुन्, किन कि हामी तपाईंलाई, उनलाई, यस सुसमाचारको सभाको पुरुस्कारको रुपमा समर्पित गर्दछौं। हामी यसलाई येशूको नाममा माग्दछौं। आमीन !

१२४. के तपाईं उ माथि विश्वास गर्नुहुन्छ ? परमेश्वर तपाईंलाई आशिषित गरुन। कति विश्वास गर्दछन् कि यो सत्य हो, मेरो देब्रेवाला (देब्रेपट्टिको) आफ्ना हात माथि उठाउन्। मेरा दाहिने तिरकाले, आफ्ना-आफ्ना हात माथि उठाउन्। परमेश्वर तपाईंलाई आशिषित गरुन्। जहाँसम्म म हर एकलाई देख्न सक्दछु (देखिरहेको छु) तपाईंहरू सबैलाई परमेश्वर आशिषित गरुन्। मित्रहरू यो सत्य हो। परमेश्वरलाई थाहा छ कि यो सत्य हो।

१२५. अव जव कि तपाईं त्यसमा हुनुहुन्छ, र त्यसमा भएका नाताले तपाईंको पहूँच ती सवै वस्तुहरू सम्म छ जसको लागि उ मरिसकेको छ। उ के को लागि या किन मरेको थियो ? "उ हाम्रो नै अपराधको कारण घायल (घाइते) पऱ्यो, उ हाम्रै अधर्मको कारण थिचियो। हाम्रो शान्तिको लागि उसमाथि ताडना (भनाई) पऱ्यो र उसले कोर्रा खानाले हामी चंगा भएका छौं।" के तपाईं यसलाई विश्वास गर्नु हुन्छ ?

१२६. के हामीहरू मध्ये कोही बिरामी छन् ? हाम्रा दायाँ या बाँया, उनीहरू आफ्ना हातहरूलाई माथि उठाउन्। यहाँ

बिमारीहरूको सारै ठूलो भिड छ। अत: म सबैलाई प्रार्थना पंक्तिमा बोलाउन सक्तिन। तपाईं देख्नुहुन्छ म सँग छैन म सबैलाई मञ्चमा बोलाउन सक्तिन। यसो गर्नेलाई कुनै तरिका छँदै छैन। उनीहरूको रोग (बिमारी) को लागि प्रार्थना सभाहरू, त्यहाँ बाहिर चर्चहरूमा, या अरु (अर्को) ठाउँहरूमा, तल आराधनालयमा भईरहेको छ। म तपाईंसँग केही सोध्न चाहन्छु, कि यहाँ कति विश्वासी छन्? तपाईंहरू आफ्नो हातलाई माथि उठाउनुस्। ठीक छ। म तपाईंलाई वचनले मसीहको वचनबाट एउटा खवर (हवाला) दिन्छु। येशूले संसारका कुनै पनि चर्चलाई होइन, एउटा अन्तिम अधिकार दिएका थिए, उनले भनेका थिए, "विश्वास गर्ने वालाहरूको यो चन्हि हुनेछन, यदि उनीहरू बिमारीहरूमाथि हात राख्दछन् भने उनीहरू चंगा (निको) हुनेछन्। मारकुस १६:१ कतिलाई थाहा छ, कि यो सत्य हो, भने भन्नुस्, "आमीन" (मण्डली उत्तर दिन्छे - आमीन-सम्पा) ठीक छ। अब म तपाईंसँग भन्दछु, या तपाईंसँग यो चाहन्छु, कि तपाईं एउटा विश्वासी भएको नाताले, आफ्नो अगाडि उभिएको कुनै पनि व्यक्तिमाथि केवल आफ्ना हातलाई राख्नुस् र आउनुस् अब हामी एक अर्काको लागि प्रार्थना गरौं। आफ्ना वरी परीका कुनै पनि व्यक्तिमाथि आफ्ना हातलाई राख्नुस्।

१२७. प्रभु, यहाँ मेरो अगाडि रुमालका र अन्य वस्तुहरूका साना साना टुकुडाहरू या कपडा (लुगा)का साना-साना टुकुराले भरिएको एउटा बाकस राखिएको छ। हुन सक्दछ, कुनै वुढी आमा मरिरहेकी होस्, एउटा सानो बच्चा मृत्युको नजिक होस्, सवै ठाउँमा बिमारी होस्। हामीले पवित्र

शास्त्रमा पढेका छौं कि उनीहरू पावलको शरीरसँग रुमालहरू र कपडाहरूलाई छुवाएर, विमारी माथि राखि दिन्थे र दुष्ट आत्माहरू, र अशुद्ध आत्माहरू र विमारीहरू र दुर्वलताहरू मानिसलाई छोडेर जान्थ्यो। अव, प्रभु, हामीलाई थाहा छ कि, हामी सन्त पावल होइनौ, परन्तु हामीलाई थाहा छ कि तपाईं अहिले तिनै येशू हुनुहुन्छ तपाईं परमेश्वरद्वारा प्रदान गरिएको आराधनाको एकमात्र स्थान हुनुहुन्छ। र अब, आज यि मानिसहरू ती सवै कुराहरूलाई विश्वास गर्दै ठीक त्यस्तै नै गरिरहेका छन्। जसरी उनीहरूले त्यसबेला विश्वास गरेका थिए, उनीहरू आफ्नो त्यसै विचारलाई तपाईंमा गरिरहेका छन्। निश्चित नै तपाईंले यिनीहरूको लागि कुनै वाटो तयार गर्नु भएको छ, र अव म आफ्ना हातहरूलाई यी रुमालहरूमाथि राख्दछु, र माग्दछु कि ती मानिसहरूको शरीरहरूवाट जसमाथि यिनीहरूलाई राखिनेछ, बिमारीहरू या पिडाहरू, येशू मसीहको नाममा टाढा भै जानेछन् (भाग्नेछन्)।

१२८. अव हामी विचार गर्दछौं (सोच्दछौं) कि जस्तो कि इस्रायल आफ्नो कर्म रेखामा मिश्रवाट वाहिर आईरहेको थियो, उनीहरू प्रतिज्ञा गरिएका देशका मार्गमा थिए (वाटोमा थिए)। लाल सागर उनीहरूको वाटोमा आएको थियो (वाटो छेकेको) थियो र परमेश्वरले आगाको खाँवो (खम्बा) भएर समुद्रलाई हेरे र समुद्र भयभित भएको थियो र पछाडि सरेको (हटेको) थियो र इस्रायललाई प्रतिज्ञा गरिएको देशको लागि जान दिइएको थियो। ओहो प्रभु, आज राती, येशूको रगतमा भएर तल नजर लगाउनुस् र

हुना पावस् विमारी निको होस् (भागोस्), शैतान वाहिर निस्कियोस् र हुन पावस यी मानिसहरू राम्रो स्वास्थ्य र सामर्थ्यको प्रतिज्ञामा प्रवेश गरुन्, जस्तो कि तपाईंले भन्नु भएको थियो, "यी सवै चिजहरू भन्दा वढेर म चाहन्छु कि तिमी स्वाथ्यमा उन्नत रहु।"

१२९. अव प्रभु, येशू जस्तो कि तपाईं देख्नुहुन्छ, कि यी मानिसहरूले आफ्ना हातहरूलाई एक अर्कामाथि राखिरहेका छन्। यो यी सवै कुराको प्रतिक हो, कि यिनीहरू आफ्नो विश्वासलाई तपाईंले भन्नु भएको यस कुरामा, जाहेर गरिरहेका छन् कि विश्वास गर्नेहरूमा यी चिन्ह हुनेछन्। यिनीहरू आफ्नो-आफ्नो ढंगवाट अर्काको लागि प्रार्थना गरिरहेका छन्। एक व्यक्ति, आफूभन्दा अघिल्लो व्यक्तिको लागि प्रार्थना गरिरहेको छ।

१३०. अव, प्रभु यो चुनौति पुरा भैसकेको छ अव यस शैतानलाई, यस ठूलो धूर्तलाई परमेश्वरको सन्तानलाई पक्रिनको लागि कुनै अधिकार छैन। उ हारीसकेको छ। येशू मसीह मात्र आराधनाको लागि एक मात्र स्थान हो (छ)। केवल एक मात्र साँचो नाम, जसले उसलाई कलवारीमा जितेको थियो र अव हामी ठोकुवा (दावा) गर्दछौं कि त्यस (येशू)को रगतले सवै विमारीहरू सवै रोगहरूलाई जिती दिएको छ र म शैतानलाई हप्कारदछु कि यी श्रोताहरूलाई छोडी देओस्। येशू मसीहको नाममा यी मानिसहरूवाट वाहिर निस्कोस् र यिनीहरूलाई स्वतन्त्र (आजाद) गरिदेओस्।

१३१. हरेकले जो आफ्नो चंगाईलाई लिखित वचनको आधारमा प्राप्त गर्दछ उ आफ्नो खुट्टामा उभिएर आफ्नो गवाही (वयान) देवोस् र भनोस्, "अब, मैले आफ्नो चंगाई येशू मसीहको नाममा प्राप्त गरेको छु।"

आफ्नो खुट्टामा उभियौं। परमेश्वरको तारिफ होस्। तपाईं यहाँ हुनुहुन्छ। यहाँ माथि हेर्नुस्, निर्वलताहरू विमारीहरू हटीरहेका छन्। परमेश्वरको स्तुति हवोस्। यस्तै नै छ। केवल विश्वास गर्नुस्। उ यहाँनिर छ। कति अदभुत छ।

१३२. यी श्रोताहरू भन्दा वाहिर, तारहरू भन्दा वाहिर, तपाईंले हेर्नुपर्छ। म सोच्दछु प्रत्येक व्यक्ति यहाँ छन्, जहाँसम्म मलाई थाहा छ या तिमीहरू मध्ये अधिकांश यसवेला यहाँ उभिएका छन्। ओहो कस्तो नै अदभूत समय छ (हो)। परमेश्वरको उपस्थिति कारण हो जहाँ परमेश्वरको उपस्थिति छ, त्यहाँ स्वतन्त्रता छ। परमेश्वरको आत्मा हामीलाई स्वतन्त्र गर्दछ।

१३३. हामी विश्वास गर्दछौं कि उसले हामीलाई चंगा गरिदिएको छ। हामी विश्वस्त गर्दछौं कि उसले हामीलाई वचाएको छ। जो वपतिस्मा लिन चाहन्छन्, उनीहरूको लागि जलाशय (Pool) तयार छ। कुनै पनि वेला, कुनै पनि घडी, जति वेला पनि तपाईं आउन चाहनु भए, यहाँ कोही न कोही तपाईंको सेवामा उपस्थित पाउनु हुनेछ। म विचार गर्दछु कि यो भन्दा पहिले कि सभा समाप्त गरौं (सभा समाप्त गर्नुभन्दा पहिले) हामी चर्चको यस पुरानो गीतलाई गाउँ : म उससँग प्रेम गर्दछु, किन कि उसले पहिलो मसँग प्रेम गर्‍यो। आफ्ना हातहरू परमेश्वर भए

तर्फ उठाउनुस् र आफ्नो पुरा हृदयले यसलाई गाउनुस् । हामी तपाईंसँग भोली ठीक यसै भवनमा "विवाह र तलाक" (पारपाचुके) विषयमाथि सन्देश प्रचारनको लागि विहान ९:३० मा भेट्न चाहन्छौं । ठीक छ । आउनुस्, अव हामी मिलेर यसलाई गाउँ ।

म उससँग प्रेम गर्दछु
किन कि उसले पहिले म सँग प्रेम गर्‍यो
र किन्यो मेरो उद्धार
कलवारी क्रूसमा

१३४. यो कहाँ भएको थियो ? कलवारी क्रूसमा । जव कि हमी यसलाई फेरि पनि (दोहोर्‍याएर) गाउँछौं, म चाहन्छु कि तपाईं आफ्नो हात आफ्ना आस पास (वरी परी) उभिएका कुनै पनि व्यक्तिसँग भेट्नुस्, र भन्नुस्, परमेश्वर तपाईंलाई आशिष दिउन् ।"

I Love Him .......... of Calvary's tree.

१३५. ओहो के तपाईं उससँग प्रेम गर्नुहुन्न ? के उ अदभूत छैन । के त्यो हम्रो लुक्ने ठाउँ होइन ? थकाईले भरिएको स्थानमा (स्थलमा) त्यो एउटा चट्टान छ आँधीको बेला यो हाम्रो आश्रय हो, केवल यसै आश्रयदातालाई म चिन्दछु : यसैले :

My faith ........... be wholly thine.

आउनुस् हामी आफ्ना हातहरूलाई उठाउँ, जब कि हामी यसलाई गाउँदछौं ।

My faith ..... be wholly thine.

आउनुस् हामी अब आफ्ना शिरहरूलाई निहुऱ्याउँ (झुकाउँ) जब कि हामी यसलाई गुनगुनाउँदछौं ।

While life's ... thee aside.

तपाईंले आफ्नो टाउको (शिर) लाई निहुर्‍याउनु भएको छ, हाम्रा प्यारा पास्टर, भाई ओरमन नेविल यस सभालाई विसर्जित गर्नेछन् ।

**The Title :** GOD'S CHOSEN PLACE OF WORSHIP

**First Edition :** 2002, Nepali

**Printed By :** Voice of God Recordings,
P.O.Box 950, Jeffersonville,
Indiana, 47131, USA

VOICE OF GOD RECORDINGS INC.

**India Office**

28, Shenoy Road, Nungambakkam, Chennai - 600 034 S. India
Phone 827 4560 Fax 44-8256970

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org